२४. श्रेष्ठ, टेकबहादुर, कीर्तिवम मल्ल र उनका अप्रकाशित ताम्रपत्र, *कन्ट्रीब्युसनस टु नेपलीज स्टडीज,* भो. ८ नं. २, २०३८। पृ. १२२-१२८।
२५. परिशिष्ट संख्या २।

२६. तिवारी, रामजी, भोलानाथ पौडेल, आदि (सम्पा), *ऐतिहासिक पत्र संग्रह* दोश्रो भाग, काठमाडौं, नेपाल सांस्कृतिक परिषद, पृ. २७ (राजा प्रतापमल्लको जन्म कुण्डली) राजवंशी, शंकरमान, योगनरेन्द्र मल्लका उत्तराधिकारी, *पूर्णिमा*, वर्ष २ अंक २, पृ. ३८, ४१।

२७. परिशिष्ट २ संख्या हेर्नुस।

२८. अप्रकाशित

२९. खनाल, मोहनप्रसाद, पाटन बालकुमारीसँगै दुर्गावटीको अभिलेख, *समिक्षा, अंक* ३३, २०३१, पृ. ६। यहाँ मूलबाट पाठ पढी सच्याई दिइएको छ। परिशिष्ट संख्या ३।

३०. उही।

३१. पन्त, दिनेशराज, *गोरखाको इतिहास*, पहिलो खण्ड, आफै, सवलवहाल, काठमाडौं, २०४१, पृ. ८९।

३२. प्राचीन नेपाल, अंक १७, पृ. ११।

३३. यस लेखको लेखिका पनि उनै गुणवन्तका वंशज हुन्।

३४. परिशिष्ट ४ संख्या।

३५. गुणवन्तका चारै भाइ छोराहरूको जन्म कुण्डली प्राप्त भएको छ। जुन उनको भै पद्यात्मक छ।

३६. *प्राचीन नेपाल, अंक* २४, पृ. २१।

३७. *प्राचीन नेपाल, अंक* २५, पृ. ३।

३८. अप्रकाशित वंशावली, माथिकै प्राचीन नेपाल, अंक २५ पृ. २-३।

३९. अप्रकाशित वंशावली, माथिकै।

४०. वैद्य, डा. तुलसीराम, 'जनरल भीमसेन' थापा कालीन खान्नी र बजार भाउ' *समर्पण*, वर्ष १, अंक १, २०४६।

परिशिष्ट संख्या १

गुणवन्तको प्रशंसात्मक कविता

श्रीगणेशाय नम ॥ षर्दार गुणवन्त संन्त बहुतै बुद्धिकी अन्तै नही
पर्वत देश मध्येस कम्पुसमको आसा गह्याको ताही ॥
आशापूर्ण भइ षुसी सम हुन्या भाग्यै त जस्को जती
कीर्ती एति छ युगभरी त रहन्या आषीर्छ बाँच्नु काती ॥१॥

जनकी मीठि जुवान-सुवान सभ कुरो रिसषीत त कती नहीं
हसी मुखकन देखि षुस दिल नको कांकाज त दूरै कही ॥
लालचको त कुरै नही सुजनको मन पाउन्याको तहाँ
राजन काष र वाहमा हरि धरि यो पाठ अरूमा कहा ॥२॥

यो संसार असार हो सभघरी जाया त कायापनी मायाको लहरी
सदा मनमाहाँ को हुन् मरीप को धनी ॥
गुण ज्ञानले त विरनू त परिनाम क्या दर्द दिलमा तहाँ
साच्नू सामल धर्म्मको भवमहाँ फेरि छ मिलन्या कहाँ ॥३॥

काम अनुसार्त जवान निसान्त बलियो गौडो सिमान्कौंमको
काजहेरिकन दिनु षान उतिको षर्चै बुझि दामको ॥
कामदार्लाई शुयश हुन्याँ छ त पछी ओस फ्याका घरी
जागीर तागीरको त षातीर नहीं को छन्त गर्न्या फिरी ॥४॥

निज विंती पनि सेरि फेरि अघीको साझा कुरो विस्रीयो
साहेबकै धन त्यो सबै उहीं पुगोस मनले दया चाहियो ॥
बाल बच्चाकन राखनू पनि कहाँ औध्नै षरापै गऱ्यो
मेरो दर्दत फर्दमा कति कहूँ भिछुक शरणमा पऱ्यो ॥५॥

श्रीरामके के केनसन्ती भुवन गुणवन्त उच्चैः कितैः
कृतोन खलुयैस्तु परोपकार ॥
येकुर्वते मम समीहितसत्फलानिनित्यंत एव गुणावन्त इतिप्रसिद्ध॥

सेवा भूपतिको मतीपनी अती औतारि पृथ्वी महाँ
जीती भार तहा त छं सभ जनरीती अनूठा जहा ॥
आफ्नालाई उवारी त सुजस दर्बैरिको कया यहाँ
जस्का एक शहाय भीमवलि छन् क्या भर्अरूको ताहा ॥ ॥

गुण ज्ञानका त पुरा शुरा रण विषे सभकां त गाछका छहाँ
दिल्कीवात बुभिरिझी वषतमा दिन्या मनोरथ तहाँ ॥
जन्को नाम समान छैन सप्तमा एस्ता पुरूष छन् कहाँ
जनका एक सहाय भीमवलि छ क्या भर्अरूको तहाँ ॥ ॥

(अप्रकाशित)

परिशिष्ट संख्या २

जन्म कुण्डली -

श्रीशाके शयसत्र नौ उपरमा योगशूल शूक्ला पनि पाचौ-
वासर जोत्र त्रयोदशी तिथिनक्षत्रर्फाल्गुनि एकादशदिन चैत्रका
नवधरि छतिसपला गैविति: गोर्षामा गुणवन्तको जन्म भयो
गे. षन्याका अतिलग्नैका गुरू छन् त के तुकुज जो
दोश्रा मिथुन्का पनि: चौथा चन्द्र अष्टम विषे निजघर्दशौमा सनि ॥
येकादसनुधसूर्य द्वादश भृगु यो लग्नकि कुण्डलि
विघाधर पुत्रका जन्ममा धेरै ग्रहै छन् वलि ॥

(अप्रकाशित)

परिशिष्ट संख्या ३

दुर्गावतीको अभिलेख

१. श्रीगणेशाय नमः ॥ ॥ श्रीश्रीचण्डेश्वर्यै नमः ॥ अद्यस्वेत वराहकल्पे वैवश्वत मन्वन्तरे कलियुगे प्रथम
२. चरणे जमबुद्विपे भरतखण्डे आज्यावर्ते पसुपत्थाने हिमवत् दक्षिण पादे पशुपति सन्निधाने वासुकि क्षत्रि वाग
३. मत्यां दक्षिणकोणे नेपाल देशांतर्गत ललितपट्ने इहै पुण्य भुमौ चैत्र मासे पौर्णमास्यां तिथौ स्वाति नक्ष
४. त्रे बज्रयोगे यथाकरण मुहुर्तके मंगलबासरे मेषराशि गते सवितरी तुलाराशीगते चन्द्रमसी अस्मीन महा
५. पर्व दिवसे विद्याधर नाम अस्य भार्ज्या दुर्गावती नाम्नी स्वहस्तेन विद्यमानेन स्ववाचाप्रतिपन्नेन भूतेन श्रीश्री
६. स्वष्ट कुलदेवता सुप्रसन्न द्वारा परमार्थ प्राप्ति कामना पूर्वक प्रतिवर्ष पंचोपचार पूजनार्थ ठैवग्राम प्रदेश
७. भाषा वु रोपनी कषदु कर्षाक कर्ष ६ प्रसंकल्पितं प्रदत्त ॥ ॥ नेत्रानंतन वेन्दु भूपरिमिते श्री विक्रमा
८. द्वे पधौ पक्ष पूर्णकला घोर शशिकला पूर्णे तिथौ स्वातिके नक्षत्रे कुजवासरे क्षितिसधा दुर्गावती
९. धर्मिणीः श्रीदेव्या प्रतिवर्ष पूजन विधौ चण्डेश्वरी प्रीतय ॥१॥ भाषा श्री बेक्रम संबत १९०२
१०. चैत्र शुक्ल पूर्णमासिका दिनमा कान्तिपुरवासी दुर्गावती देवीले ज्येष्ठ पुत्र खरिदार गुणवन्तले जीउ
११. नी भनी लेखिदियाको ठैवका अम्बल मध्ये भाषा वु विर्ता षेत रोपनी ६ का आलि वालिका आम
१२. दानीले वर्षप्रति छागवली सहित पंचोपचार पूजा गर्नु भनी श्री ३ कुलदेवता प्रीतिगरी सत
१३. ल बनाई दत्त राषि यस गूठ चलाउना निमित्त जेठा छोराका छोरा नाति सेरमासिं, कान्छा छोरा
१४. सारंगवर, सगोत्री जीवन र रामजु ईचार घरमै देवालीका पूजाहारिले पूजामात्य विधिपूर्वक ग
१५. राई वर्षबन्धन दत्त चलाई सतलका जिर्णउद्वार निमित्त रू १ जगेरा राखि दाता र दाताको सन्तान
१६. मा जना २ गुठको पर्न्याका जहान औ आफ्ना आफ्ना इच्छाले बोलाउन्यालाई र सतलका चिता
१७. इदार समेतलाई षुवाई सेष रह्याको भुक्तमान गर्नु मन्या बन्देज वाधि शिलापत्रमा लेखि प्रति
१८. ष्ठित गर्‍यां, यस बन्देजमा कर्सले लंघन नगर्नु लंघन गर्‍या पातक लागला प्रति वर्ष तत्प
१९. र भै दत्त चलाई सेवा गर्‍या उत्तरोत्तर बृद्धि होला यस दत्त राषदाका साछि नाती खरिदार जी
२०. तमानसिं, खरिदार बुद्धिमानसिं, बहिदार जुक्तमानसिं नानि केहेर्मानिसिं., सर्वदा भु शुभम्

परिशिष्ट संख्या ४

लालमोहर

श्रीवरष१

श्री दुर्गा १

१. स्वस्ति श्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्माहाराजाधिराज श्री श्रीश्री महाराजाराजा राजेन्द्र विक्रम शाह बहादुर शम्शेर जङ्ग देवानां सदा समर विजयिनाम्

२. आगे सेरमान, जितमान, बुद्धिमान, जुक्तमानके तिमिहरूले किन्याको विर्ता मुडिषुका अम्बल मध्ये सिवनारान, हरिवंस, विष्णुकान्तको ठूलो षेत्को मुरि ।४ महतारो सुवारो मुरि ।१६ रामेश्वर रामनाथ

३. इन्द्रमनि, प्रतिमान् फुयालको आहाल्या गैन्हि विहाधा समेत् मुरि ।१६ व्यासिको बाफो रूमटो मुरि ।८ लक्ष्मीनारान् देकु इश्वर फुयालको ठूलो षेत्को बाफो वगर समेत् मुरि ।८ सिरपति फुयालको महतारो

४. सुवारो मुरि ।८ गाउँ विहौटो मुरि ।४ विह्नायाको विह्नौटो मुरि ।८ प्रेमनारान्को उपल्लो कुला मनि पैन्या मुरि ।८ रामदत्त छविलाल फुयालको षोला षेत मुरि ।२ लक्ष्मीधर नारद, देउदत्त कृष्णभक्त फुयालको

५. ज्युलाभ्याको डोल् पनि ढल मुरि ।१० षोल्या मुरि ।३ वगर दुइ षंड गरि मुरि ।७ विरभद्र ढुंगानाको पध्यारा मुनि मुरि ।१० रामदत्त छविलाल फुयालको कुला मनि रूमटि मुरि ।४ विष्णु कान्त फुयालको।

६. गैन्हो मुलका षेत मुरि ।८ विभाषर, रामदत्त, जयकिष्न छविलाल फुयालको घट्नेरा वारिपारि गरि मुरि ।२० रामभद्र वैजनाथ भिवु, धनपति, वलभद्र, विश्वनाथ रेग्मीको वानारसिको विन्हौटो मुरि ।२० वासु)

७. पाध्या ढकालको शोषुमरि ।१२ देवदत्त धिमिन्याको लामु गन्हो मुरि ।४ विद्यापति वभा, प्रभाषर फुयाल्नन्द फुयाल नन्दीकेश्वर फुयाल, अग्निघर फुयाल्को कोइराल्या मुरि ।१६ गैन्हौ पुछारमुरि

८. ।६ कुडुल्या मुरि ।४ बाफोको रूम्टो मुरि ।४ तर्त्य मुरि ।८ कुल्ग मुनि पैन्या मुरि ।४ मुहान् मुरि ।२ फेदि मुरि ।३ जलुक्यानिका अम्वल मध्ये श्रीकुष्ण दुलाल, रामनाथ, इन्द्रमनि वासु, विसु हरिनारान, फु.

९. यालु, भगत दुलालको घैया वारि मुरि ।१४ मेहेल्या पुछार मुरि ।१६ महेल्या माफ षंड मुरि ।४ रामचन्द्र पुरनधर विसु दुलालको तोरि वारि मुरि ।१२ षीला षेत ढुंग्याको सिन्हान मुरि ।८ विसु

१०. दुलालको माफ षंडको अन्तरको विन्हौटो मुरि ।६ घैया वारि मुरि ।२ तोरि वारिको पुछार मुरि ।४ ठिमिका अम्बलमध्ये सुर्जविर नेवारको पोता तिर्न्या, गाल मुरि ।६ त्याडो मुरि ।३८ ढलको मुरि ।९ षुक

११. डोल मुरि ।३ यादसि डोल मुरि ।४ तुपाचो मुरि ।४ वावुचो दुई ठाउँ गरि मुरि ।३ भिषुजोल

मुरि ।४ जातिगाल मुरि ।२ क्वाचडोल मुरि ।२ साइलाफोरका अम्बलमध्ये मनै काफल्या विरभद्र काफल्या

१२. श्राहक काफल्या, नारान् काफल्याको साइला घट्नेरा मुरि ।१६ घट्मुनि मुरि ।१६ दर्मात्या मुरि ।६ प्रमानन्द नेपाल प्रेमनारायण नेपालको प्रमाननूका घरनेरा विन्हौटो मुरि ।८ गैन्हो षेत मुरि ।१० माहादेउटारका भ

१३. न्याका अम्बलमध्ये सिवनारान अधिकारि, काशिराम अधिकारी, भगत छालातान्या, भगिरथ फुयालको पनेर गाउँ सिम विहौटे मुरि ।१० गैन्हो पुछार मुरि ।८ वुजु डाडो कुला माथि मुरि ।४ आहाल्या मुरि ।७

१४. हरिनारान्, दामु, देउरिषि, क्षेत्रपति, उमापति, लक्ष्मीधर फुयाल, रामु घिमिन्या, काशिराम अधिकारीको भेडिगोठ रास्वा मुरि ।५ ठूलो षेत मुरि ।८ गैन्हि मुरि ।१२ फोलस्या मुरि ।२ रात्माट्या मुरि ।५ टोषा फोर व्या

१५. सि गोठका अम्बल मध्ये राधाकृष्ण दहालको चापा वोट्या मुरि ।१४ महादेउको गाउँषेत मुरि ।२४ तल्लो ढुंगो मुरि ।८ चापावोट्या मुरि ।४ स्युइ्यानिका अम्बलमध्ये चन्द्र, लक्ष्मीनारान्, देउदत्त घिमिन्याको जेठ्या

१६. क मुरि ।१२ वारिमनि तिनठाउ गरि मुरि ।१२ देवु वजगाञिको मदनपुर वारि समेत मुरि ।६० दलकापका अम्बलमध्ये भाजुदेउ वाडा अजिजुल्लाको फोर व्यासि मुरि ।१६ काठमाडौंका अम्बलमध्ये भाजुदेउ

१७. वाडा अजिजुल्लाको राजनपाठ मुरि ।१६ देउपुरका अम्बलमध्ये उमापति, जग्येपति उदैनारान् दगाल सिद्धिनारान केवछेको सिध्याटार षेत मुरि ।९० तस्को डिहि लगापात् समेत गरि सव ज्मा किन्याको

१८. विर्ता षेत ७।६ सर्कार लाउदा र किपटिया वरामु प्रजालाई रूपैया १४०० दिदा तस्को सट्टा गोर्षाका अम्बलमध्ये कम्पूका षर्दारि खानगीको वगुवा गाउको वनवदेलो प्रजाले महसुल तिरि खायाका कि

१९. पट षेत षरिवोट्या मुरि ।५० चाकसि वोट्या सिम् समेत मुरि ।३० दफे चाकसि वोट्या मुरि ।४० आध्याटारि मुरि ।१० मान्धाढुंगा मुरि ।१० कोइराल्या मुरि ।३५ आपचौर मुरि ।२० केउन्यावोट्या मुरि ।१५ द

२०. फे आध्या मुरि ।१० चनौट्या मुरि ।६० डुंरि पाटो मुरि ।२० ज्यामिन्या मुरि ।२० गन्या रूम्टो मुरि ।१५ कुडुल्या मुरि ।५० कदम् वोट्या दमाञि रूमटो दुई ठाउँ गरि मुरि ।१० वग्यानि मुरि ।२५ जामुन्या मुरि ।१० छाग्या

२१. सार्कि गन्हो ढाड्या स्मेत मुरि ।८० काल्ह्या मुरि ।३० आम्वोट्या मुरि ।५० दफे आध्या मुरि ।१० ज्मा षेत ६।० कम्पूका सिपाहि षानगीको सिमल्या मुरि ।४०-१- पल्टनमा दरियाको रैकन्या षेत डिहि पाषो स

२२. मेत मुरि ।६६ ज्मा षेत ७।६ र वाउन्न कुतमा दरियाको ७ रूपैया सेर्मा तिन्याको जगा घड्यारि पाषो समेत वगुवा गाउँघर पाषो लगायत वन वदेलो समेत पाषो रेषो षेत डक्वो तस्को साध पूर्व वधुवा

२३. षोलो वाउन्न कुतको नौविस्या षेतको आलि वघुवा षोलो र अश्रां षोलाको दोभान ढिक पहरो साध लुहकिल, दक्षिण, अथषोलो र ग्यानिषोलो कुसुइ्या षोल्सीको दोभानको साधा लुहुकिल प

२४. रिचम कुसैड्या षोल्सी ठाडो वार तापल्याक संगको षोल्सी दोभान मोहोरिया डिहि सुवारको तेर्छो कांल्हो भंज्याङ षोल्सी सौंध पांचोक भंज्याङ् वानियाका वृत्ता सितको सौंध भंज्याङ जालो सौंध लुहुकि

२५. ल, येतिसिमाना भित्रको जमिन षेत गाउँ घर पाषो रेषो वन वदेलो लगायत समेतको गादि ममारष गोडधुवा चुमाउन येति कलम वाहिरू अरू रकम कलम मारि मेटि विर्ता गरि बक्स्यौ आ

२६. फना षातीरज्मा सित विर्ता जानि सन्तान दर सन्तान पर्यन्त परम सुष भोग्य गर यो विर्ता साध लाउन्या सधियार थर घर मर्दनसिं राना. मजादेवलको डंगोल लछिमन्. भागीवंत विज्यापुत टोलको डगोल्.

२७. पुनसिरि, गोर्षाका, कर्णविर, तेजनारान्, हर्षघर, मेहरसिं, इन्द्रसिं, भावानी राना, हर्कुराना, गोपाल थापा, गंगामनि राना, जितमान् लामा, लछिमुनारान्, सल्यानि वेनुवाध्या रत्नविर राना, लमजुङ्का

२८. जिता तान्द्रोको वलविर थापा, वधुवाका गोपि ढकाल्, रणविर षत्रि, द्वान्या कृपाराम वंजरा, जग्याभट्ट, जुष्यावोहरा, कवल्या भट्ट, जुष्या वड्, जिउन्या पाडे, भवानी, धन्या मिभार, मैत्या वरामु, कोत्या

२९. कट्टुवाल, हरिलाल भट्ट, गोवि वंजरा, हिन्या पाडे/हरिचरन पाडे, जगधर वंजरा, धर्मराज खत्रि, सिन्या भट्ट, नगत् गुरूं, भक्त्या मिभार, धर्मसिं वरामु, जगवल मिभार, हर्क्या मिभार, चामु वरामु, ल

३०. छिमधर वरामु, वोलीगिनारान् लामिछान्या, तापल्याक्का थरि कासिराम भट्ट, छान्या कलुवा पाडे, थरि मंगल्या भट्ट, थरि रामकृष्ण पनेरू, थरि दफे कासिराम भट्ट, थरि कालु वंजरा, अश्रांका

३१. धरि जहरसिं घर्ति, सर्वजित घर्ति, थरि सर्वजीत राना, मनिराज् घर्ति, तान्द्रङका थरि सदासिव जैसि, कुसुमाकर जैसि, जैनारान् वंजरा, जगन धिताल, थरि हरिनारान् भट्ट, इश्वर वस्ताकोटि,दयारा

३२. म स्वडारि, षांचोकका द्वान्या पृथ्या भट्ट, भिगट्याका तुसालका, जश्राज मिञा, वषत्या मिञा, गाईषुरको अर्जुन्या मिञा, वाज वर्न्या दमाञि, गज्या दमाञि, अश्रांको पुर्न्या दमाञि, तापल्याकको जिउन्या

३३. सार्कि, विर्त्तवारले किलाभन्दा अध्यालो नचापनु विना तक्सीर जवद नगर्नु, जो यस वन्देजमा रहैन, सो यस श्लोकमा भन्याको पातकी होला, स्वदत्ता परदताम्बा यो हरे द्वै वसुन्धराम् षष्ठिवर्ष सह–

३४. श्राणि विष्ठायां जायते कृमि. इति सम्बत् १८९१ साल मिति माघ श्रुदि २ रोज ६ श्रुभम् ....

(मार्फत सहि गर्नेहरूको छुट्टा छुट्टै अक्षरमा नाम परेको छ)

मार्फत भीमसेन थापा	मार्फत कुलमासिंह वस्न्यात
मार्फत फत्यजङ्ग साह	मार्फत रणजोर थापा
मार्फत पुष्कर साह	मार्फत दलभञ्जन पाँडे
मार्फत रणोद्योत साह	मार्फत कालुसिं

CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 16, No. 2
July 1989

नेपाल-भूटान ऐतिहासिक सांस्कृतिक सम्बन्ध

रमेश ढुंगेल

नेपाल-भूटान सम्बन्धको विषयमा उल्लेख गर्दा अध्ययनलाई ३ पक्षबाट हेर्नु पर्दछ। किनभने भूटानसँग नेपालको धार्मिक-सांस्कृतिक तथा राजनीतिक सम्बन्ध नेपाल एकीकरण भन्दा पहिलेदेखि नै कायम भएको हो। त्यसै हुनाले अध्ययनको क्रममा नेपाल एकीकरण भन्दा पहिले गोरखा राज्य र नेपाल उपत्यकाका भक्तपुर, कान्तिपुर र पाटन जस्ता मल्ल राज्यसँगको भूटानको सम्बन्धलाई उल्लेख गर्नु पर्दछ। गोरखाको नेपाल एकीकरण अभियानको फलस्वरूप आधुनिक नेपालको निर्माण भैसकेपछि भूटानसँगको पुरानु परम्परागत सम्बन्धमा कुनै परिवर्तन आयो वा आएन वा कस्तो किसिमले यी दुई देश बीच आपसी सम्बन्ध कायम भयो भन्ने विषय पनि यस प्रसङ्गमा कम महत्वको छैन। त्यसैले यहाँ तीन पक्षबाट हेर्नुपर्ने भन्नाले गोरखा-भूटान, नेपाल उपत्यकाका मल्लराज्य र भूटान तथा आधुनिक नेपाल र भूटान बीचको सम्बन्ध भन्ने बुझ्नु पर्दछ। यसबाहेक वर्तमान नेपाल भित्र पर्ने अधिका मुस्ताङ् (लो-वो राज्य) र पूर्वको विजयपुर राज्यसँग पनि भूटानको केही न केही सम्बन्ध भएको हुनाले त्यस विषयमा पनि यस प्रसङ्गमा प्रकाश पार्नु पर्ने हुन्छ।

नेपालको इतिहास २००० वर्ष भन्दा बढी पुरानो भएको कुरा यहाँका ऐतिहासिक स्रोतले स्पष्ट्याएको छ। यसो भएतापनि आधुनिक नेपाल राष्ट्रको निर्माणको जग आज भन्दा लगभग अढाई शताब्दी अगाडि मात्र बसेको थियो। नेपालको एकीकरण भन्दा झण्डै २ शताब्दी अगाडि नै स-साना टुक्रामा विभक्त शक्तिहरूलाई जोडेर व्यवस्थित शासन व्यवस्थाकासाथ आधुनिक भूटानको निर्माण तिब्वतका डुग-पा सम्प्रदायका लामा डव्ग्-वङ्-नम्-ग्याल (डव्ग-द्वङ-र्नम्-ख्यल)ले गरेका थिए। यो घटना इशाको सत्रौं शताब्दीको पूर्वार्द्धको थियो। यी लामा डव्ग्-वङ्-नम्-ग्याल तिब्वतको खाम प्रदेश स्थित रालुङ् गोन्पाका विद्वान् भिक्षु थिए। उनी तिब्वतमा डुग-प (Brug-pa) धर्मका मुख्य संस्थापक मध्येका लामा ये-से दोर्जेका भाइतर्फका वंशज थिए। डुग-प सम्प्रदायका प्रसिद्ध विद्वान् लामा कुन-खेन्-पेमा कार्पोका अवतारको रूपमा उनले आफूलाई दावा गरेका थिए। तर उनका विरोधी तिब्वतका शक्तिशाली देपा चङ्-पको सहयोगमा अरू लामाहरूले उनलाई पेमा कार्पोको अवतार स्वीकार नगर्नाको कारणले उनी रालुङ गोन्पा छाडेर तात्कालिक ल्हो-मोन् प्रदेश अर्थात् भूटान (Brug-yul) मा आएको कुरा उनको जीवनी (rnam mthar) तथा भूटानको इतिहासबाट

जानकारी मिल्दछ। (Lob-pon Nado 1977:90) भूटानमा उनलाई श्याव-ढुङ् रिन्-पो-छे ङग्-वाङ्-नम्-ग्यालको रूपमा चिनियो।[१]

ङग्-वाङ्-नम्-ग्याल भूटानमा आउनु भन्दा पहिले तेर्हौं शताब्दी देखि नै भूटानमा डुग्-प सम्प्रदायको प्रवेश भैसकेको थियो। यसरी ङग्-वाङ्-नम्-ग्याल भन्दा ४ शताब्दी पहिले भूटानमा डुग्-प सम्प्रदायको प्रवेश गराउने काम पनि उनकै पूर्वज मध्येका लामा फाजो (तिब्बतमा डुग्-प सम्प्रदायका संस्थापक येसे दोर्जेका कूलका एकजना लामा साङ्ग्ये भन्नेका वंशज)ले गरेका थिए (Mehra 1975:86)

ङग्-वङ्-नम्-ग्यालले भूटानमा आएर त्यहाँका पुराना स-साना सामन्त तथा अरू विभिन्न सम्प्रदायका लामाहरूको प्रभुत्वलाई खतम गरेर आफ्नै किसिमको शासन पद्धतियुक्त व्यवस्था (धार्मिक तथा लौकिक २ थरी शासक रहने) कायम गरी भूटानलाई एक व्यवस्थित धार्मिक राज्यको रूप दिएका थिए। त्यसै बेलादेखि भूटानले नेपालका काठमाडौं उपत्यकाका मल्ल राज्य र गोरखासँग समेत धार्मिक-सांस्कृतिक तथा राजनीतिक सम्बन्ध कायम गरेको कुरा ऐतिहासिक स्रोतले स्पष्ट्याएको छ। यिनै द्विपक्षीय सम्बन्धका तथ्यहरूलाई यहाँ क्रमशः उल्लेख गरिन्छ।

नेपाल-भूटान बीचको सम्बन्धको माध्यम खास गरी बुद्ध धर्म नै हो। भूटानका तात्कालिक लामाहरूका तान्त्रिक ख्याति तथा उनीहरूका धार्मिक कार्य र काठमाडौं उपत्यकाको बौद्ध शिक्षा तथा संस्कृतिको केन्द्र स्वयम्भूनाथको माध्यमले नेपाल-भूटान बीचको सम्बन्धको थालनी भएका स्पष्ट प्रमाण पाइएका छन्। पछि यस सम्बन्धमा व्यापक विकास हुँदै यी दुई देश बीच राजनीतिक र आर्थिक सम्बन्ध पनि कायम भएको देखिन्छ। भूटानका प्रथम धर्मराजा स्याव-ढुङ् ङग्-वाङ् नम्-ग्यालले भूटानको एकीकरण गरिसक्नासाथ ई १६२४।२५ देखि नेपालका गोरखा र काठमाडौं उपत्यकासँग सम्बन्ध कायम गर्न थालेका थिए। (Singh 1972:21-22; white 1909:291; Coelho 1967:62 etc.)।

(क) गोरखा राज्यसँग भूटानको सम्बन्ध

गोरखासँग भूटानको सम्बन्ध गोरखाका राजा रामशाह (c. 1613-1636) का पालादेखि नै कायम भएको बुझिएको छ। रसुवा नागथली गोन्पाको भोटे भाषामा लेखिएको एक पुरानो टिपोट (Brug-na' ga Thali'i -rchis - sprod - kyi - deb - khra) मा यस विषयको राम्रो उल्लेख भएको पाईन्छ। यो टिपोट पृथ्वी नारायण शाहका समयताका देखि पछि राणाकालसम्म लेखिएको थियो। सो टिपोटमा रामशाहका पालामा गोरखा दरवार भित्र दाज्यू-भाईमा विद्यमान कलहको निराकरण गर्न र राजगद्धिको उत्तराधिकारी सन्तान जन्माउनको निमित्त तान्त्रिक अनुष्ठान गर्न भूटानी लामालाई गोरखा निम्त्याएको चर्चा छ। भूटानी लामालाई गोरखा ल्याउन राम शाहले एउटा दूत भूटानी धर्मराजा' कहाँ पठाएको र धर्मराजाले त्यहाँका प्रसिद्ध लामा दम्-छ्यो-पे-कर् (Dam-chos-pad-dkar) लाई गोरखा पठाएको चर्चा पनि उक्त टिपोटमा परेको छ। *तिथिमितिका हिसाबले यिनको अनुमानित समय र रामशाहका अनुमानित समयमा केही फरक भएको हुनाले यी लामा (Dam-chos-pad-dkar) नै गोरखा आएका थिए भन्ने कुरा प्रामाणिक रूपमा मान्न सकिने स्थिति नभएतापनि भूटानी धर्मराजा स्वयं वा अरू* कुनै प्रसिद्ध तान्त्रिक लामा आएको हुनु

पर्दछ।[२] भूटानी लामालाई गोरखा निम्त्याउने काम रामशाहकी रानीलाई भएको सपना अनुरूप गरिएको थियो (Na'-ga-Thali' i deb-khra, fol. 50)। यस ऐतिहासिक सम्बन्धको घटनाको विषयमा भूटानबाट पठाईएका परराष्ट्र मन्त्रालयमा प्राप्त २ वटा पत्रमा पनि उल्लेख भएको छ। (पन्त वि.सं. २०४३:५३८)। त्यसै गरी रामशाहको विषयमा उल्लेख भएको परराष्ट्र मन्त्रालयमा रहेको एउटा विस्तृत अप्रकाशित वंशावलीमा पनि रामशाहले भूटान सम्म त्यहाँको स्थिति बुझ्न गोरखाबाट गोप्य ढङ्गले मानिस पठाएको चर्चा परेको छ। (पन्त २०४३:५२३-३८)। परराष्ट्र मन्त्रालयमा प्राप्त श्री ५ प्रतापसिंह शाहको समयको अर्को एक पत्रमा पनि रामशाहले धर्मा (भूटान)सँग सम्बन्ध राखेका थिए भन्ने लेखिएको छ (पन्त २०४३:५२३-३८)। ई.सं. १८५५ (वि.सं. १९१२) मा भएको नेपाल-तिब्बत युद्ध पछि भूटानी धर्मराजाका 'दा पोन्' भन्ने अधिकारीले तात्कालिक नेपालका श्री ३ महाराजा तथा प्राइम्मिनिष्टर जङ्गबहादुर राणालाई लेखेको तिब्बती अक्षरको विन्तिपत्रको व्यहोरा युक्त एउटा चिट्ठीको त्यसैबेला गरिएका नेपाली अनुवाद प्रति पाइएको छ। यस पत्रमा पनि रामशाहका पालादेखि भूटान (धर्मा-देवा) र गोरखाका राजा बीचमा शिष्य-शाखाको जस्तो नजिकको सम्बन्ध कायम भएको थियो भन्ने चर्चा परेको छ।[३] पछि वि.सं. १९१२ मा भएको नेपालको भोटसँगको युद्ध पछि धर्मा (भूटान)का लामाले नेपालका काजीलाई लेखेको साल सम्बत् विहिन पत्रमा पनि अघि रामशाहका पालामा गोरखाले धर्मा (भूटानी) लामालाई चढाएका पूर्वका ६ गोन्पाहरू र श्री सम्पत्ति खोसिएको कारणले हेर-विचार पुग्न नसक्दा भत्किएर जीर्ण भएको हुनाले उक्त पिता पुर्खाका धर्मकीर्ति थामि जिर्णोद्धार गर्ने काम होस् भन्ने व्यहोरा परेको छ। (पत्र स्रोतः कुश्यो छे-चु हुग्-प लामा)। भूटानबाट आएका पत्रमा यस्तो उल्लेख भएतापनि पत्रमा उल्लिखित 'यातें' र 'षंते' भन्ने गोन्पा कहाँका थिए भन्ने जानकारी नपाइएको हुनाले पूर्वतर्फका ६ वटै गोन्पा रामशाहले नै दान दिएका थिए भन्ने कुरामा पूर्ण रूपमा विश्वास गर्न चाहिं अप्ठेरै पर्दछ। बरू गोरखाको पहुँच भित्रका केही गोन्पा रामशाहको पालामा र अरू केही त्यसपछिका कृष्ण शाह आदि गोरखाली राजाहरूले समेत दान दिएर पछि पृथ्वीनारायण शाहले पूर्व विजय गरेपछि पूर्वका अरू ६ गोन्पा र अरू पहिले दिएका पश्चिमका गोन्पा समेत भूटानी राजाले दान पाएको हुनु पर्दछ। यसरी पूर्व र पश्चिमका सबै गोन्पा जोड्दा १२ घ्याङ् अर्थात १२ वटा गोन्पाको अधिकार भूटानी लामाले पाएको हुनु पर्दछ भन्न सकिन्छ।

माथि उल्लिखित वंशावली रूपको जोङ्-खा भाषाबाट नेपालीमा अनुवाद भएको पत्रको मूल प्रति भूटान दरवारमा पाइएको हो। त्यसैगरी नागथली गोन्पाको टिपोट पनि भूटानी ('Brug-pa) लामाहरूवाटै तयार भएको हो। यता प्रतापसिंह शाहको पत्रमा पनि रामशाहका राज्यकालको गोरखा-भूटान सम्बन्धका विषयमा स्पष्टै उल्लेख भएको हुनाले र उता भूटानीहरूले लेखेका टिपोटमा पनि त्यहि कुराको उल्लेख हुनाले ऐतिहासिक दृष्टिकोणमा यो कुरा तथ्यपूर्ण नै मान्नु पर्दछ। अरू भूटानी श्रोतमा तथा भूटानका नेपालीहरूको परम्परामा त रामशाहकै समयमा गोरखाका नेपाली जनतालाई लगेर त्यहाँको आवश्यकता अनुरुप वसोवास गराई भूटानलाई गुल्जार गराउने काम समेत भएको थियो भन्ने चर्चा पाइन्छ। भूटानी श्रोत अनुरुप भूटानका प्रथम धर्मराजा श्याव्-ढुङ् ङग्-वाङ नम्-ग्याल् आफै गोरखा र काठमाडौं उपत्यकाको भ्रमणमा दुइपटक आएका थिए। इ.सं. १६२४ को भ्रमणकालमा नै गोरखाका भारदारहरूको सल्लाह वमोजिम ङग्-वाङ् नम्-ग्याल्ले चारै वर्णका (व्राम्हण, क्षेत्री, वैश्य र शूद्र (कामी, दमाई, सार्कि समेत)) गोरखालीहरूका ४०।५० परिवारलाई भूटान लिएर गएको उल्लेख भूटानी श्रोतमा पाइन्छ (Coelho 1967:62, Singh 1972:21-22,

White 1909: 291 etc)। यसपटक भूटान बसाई जाने गोरखाली जनताको नेतृत्व विशन थापा मगरलाई दिईएको समेत जानकारी पाइएको छ। (विपिनदेव ढुङ्गेल द्वारा संकलित अप्रकाशित श्रोतबाट)[४] यसैवेला भूटानका धर्मराजा ङग्-वाङ् नम्-ग्यालले गोरखाका राजा रामशाहले बनाएको राज्य व्यवस्थालाई आवश्यकता अनुरूप संशोधन गरी भूटानमा लगेर लागू गर्न गोरखा आएका वखत लिएर गएका थिए। गोरखाको माना-पाथी नाप-जोखको व्यवस्था पनि भूटानमा चलाएका थिए भन्ने जानकारी भूटानमा बस्ने नेपालीहरूबाट थाह लागेको छ। भूटानमा केही पहिलेसम्म पनि गोरखाको व्यवस्थाअनुरूपका भूटानमा चलन-चल्तीमा भएका माना-पाथीलाई त्यहाँका ड्रुग्-प तथा च्याप्-साहरूले 'गोर्गे झप्पा' भन्ने गर्दथे र अरूणाचल (नेफा) प्रदेश तर्फ अझै पनि त्यस्तै भन्ने चलन भएबाट गोरखाको नापतौल व्यवस्थाको समेत भूटानमा गहिरो प्रभाव पारेको कुरामा पुष्टि मिलेको छ। अर्को तर्फ गोरखाबाट त्यहिंको सामाजिक व्यवस्था अनुरूपका चारै वर्ण र विविध जातका जनजातिलाई लगेर आफ्नो राज्य गुल्जार गराउनेले त्यहाँको सामाजिक तथा आर्थिक व्यवस्था तथा स्थितिको अनुकरण गर्नु अत्यन्त स्वाभाविक पनि देखिन्छ।

यसरी रामशाहको राज्य व्यवस्था तथा ख्यातिबाट प्रभावित भएर त्यसै समयदेखि भूटानले गोरखासँग सम्बन्ध जोड्ने र भूटानी लामाहरूको तान्त्रिक ज्ञान र क्षमतादेखि प्रभावित भएर गोरखाले भूटानसँग सम्बन्ध जोड्ने काम गरेको देखिन्छ। रामशाहभन्दा पहिले पनि गोरखाका प्रथम शाह राजा, द्रव्य शाह र पूर्ण शाहको राज्यकालमा पनि भूटानको नेपाल (गोरखा) सँग सम्बन्ध भएको वर्णन भूटानी ईतिहासमा लेखिएको पाइन्छ (Singh 1972:21-22; Hasarat 1980:47)। भूटानी इतिहासमा त्यस्तो उल्लेख भएतापनि त्यस विषयमा कुनै पनि नेपाली स्रोतमा उल्लेख नहुनु र ई. १६१६ मा तिब्बतबाट लामा ङग्-वाङ् नम्-ग्याल आई भूटानलाई एकीकरण गरी व्यवस्थित राज्य नबनाएसम्म भूटानले वाह्य जगतसँग सम्बन्ध राख्न सक्ने स्थिति पनि नभईसकेको हुनाले *गोरखासम्म भूटानको मैत्री सम्बन्ध द्रव्यशाह र पूर्णशाहका पालामा नै भैसकेको कुरामा त्यत्ति विश्वास गर्न सकिने स्थिति छैन।* तर विभिन्न गोन्पा तथा धर्म-सम्प्रदाय मार्फत भने गोरखाको उत्तरी भेक (तिब्बति मूलको वस्ती)सँग सम्बन्ध रहेको भने हुन संभव छ।

भूटानका प्रथम धर्मराजा ङग्-वङ्-नम्-ग्याल ई. १६४० मा दोस्रो पटक गोरखाको भ्रमणमा आएको पनि उल्लेख पाइन्छ (Coelho 1967:62, Singh 1972:21–22)। त्यसवेला सम्ममा डम्बरशाह राजा भैसकेको संकेत पाइन्छ। यस पल्टको भ्रमणमा पनि भूटानका धर्मराजाले गोरखाबाट केही गोरखाली जनताका परिवारलाई साथमा लगेर पश्चिम भूटानको पहाडी र तराई प्रदेशमा वसोवास गराएका थिए भन्ने जानकारी पनि पाइएको छ (विपिनदेव ढुङ्गेलद्वारा संकलित अप्रकाशित स्रोत)। त्यसैवेलादेखि भूटानमा नयाँ धर्मराजा र देवा (दे-पा) राजा फेरिएपछि गोरखाको सौहार्द्र भ्रमण गर्नुपर्ने परम्परा नै चलेको थियो भन्ने पनि उल्लेख पाइएको छ। (त्यही स्रोत)

गोरखा र भूटान वीचको शुरू-शुरूको सम्बन्ध विषयमा चर्चा गर्दा तिब्बतका एक शक्तिशाली प्रान्तीय शासक दे-पा चङ्-प (De-pa-Tsang-pa) ले ई. १६३९ मा भूटानमाथि गरेको आक्रमणको घटनालाई पनि उल्लेख गर्नु पर्ने हुन्छ। त्यस आक्रमणमा भूटानी सेनाले तिव्वतका सैनिकलाई पारोको किल्ला नजिकै हराएका थिए (Mehra 1974:87)। यस युद्धमा विजय हासिल गरेको अवसरमा गोरखाबाट भूटानका धर्मराजालाई वधाई ज्ञापन गर्नका निमित्त एक प्रतिनिधि

मण्डल समेत गएको थियो (Singh 1972:)।

यसपछि गोरखाका राजा कृष्ण शाह (अनुमानित १६५२-१६६३) को राज्यकालमा गोरखा-भूटान वीच अझ निकटतम् सम्बन्ध कायम भएको कुरा नागथली गोन्पाको टिपोटबाट स्पष्ट हुन्छ। त्यस टिपोटमा गोरखाका राजा कृष्ण शाहले भूटानी धर्मराजालाई तामापत्र गरेर 'चिरङ्-चा' भन्ने समेत गारेखाका अधिकारका क्षेत्रका पश्चिम नेपालका केही गोन्पाहरू दानको रूपमा दिएका थिए। त्यसै वखत 'राख्यिग' नामक वस्ती र त्यस माथिको खेत समेत कर मुक्तगरी दान-बिर्ता दिनुको साथै त्यस क्षेत्रका गोन्पा तथा गाउँको समेत सम्पूर्ण अधिकार भूटानी धर्मराजालाई सुम्पिएका थिए (Na-ga-Thali'i deb-khra, fol. 51)।

त्यसै गरी यसपछि गोरखाका राजा रूद्र शाहको शासनकालमा भूटानी लामा यङ्-पोन र वुम-थङ्-छो-जे आदी प्रसिद्ध धार्मिक व्यक्तिहरूले गोरखाको भ्रमण गरेका थिए। लामा वुम-थङ् छो-जेले रूद्रशाह (अनुमानित १६६३-१६७१) का पालामा गोरखा दरबारमा विविध तान्त्रिक अनुष्ठानका काम गरेका वर्णन पनि नागथली गोन्पाको टिपोटमा उल्लिखित छ (Fol. 51)।

यसरी भूटान र गोरखा बीच अटूट रूपमा सौहार्द्र सम्बन्ध कायम हुँदै आएको देखिन्छ। राजा नरभूपाल शाह (अनु. १७१६, १७४३ वि.सं.) का समयमा पुनः केहीगोन्पाहरू र तिनले चर्चेका जग्गा-जमिनहरू भूटानी धर्मराजालाई थप दानको रूपमा दिइएका थिए। यिनको शासन कालमा नेपाल-भूटान बीच परम्पसगत धार्मिक-सांस्कृतिक सम्बन्ध बाहेक विशेष राजनीतिक सम्बन्ध पनि कायम भएको थियो। नरभूपाल शाहको समयको गारेखा-भूटान सम्बन्धका विषयमा प्रकाश पार्ने सामाग्रीहरू मध्ये नागथली गोन्पा र त्यस छेउछाउका प्रशस्त जग्गा-जमिन तथा गाउँहरू समेतको अधिकार र जजमानी समेत दिई ल्होपा लामा अर्थात् एक प्रशिद्ध भूटानी लामालाई गरिदिएको इ.सं. १७४१ को ताम्रपत्र अर्को एउटा प्रमाणिक स्रोत हो। यस तामापत्रमा पहिलेका धर्मलामा (तामापत्रमा क्षोङ् लामा) लाई पनि यसैगरी जजमानी र स्थायी सम्पत्ति कुशविर्ता गरेर दिएको थियो भन्ने उल्लेख छ। (Macdonald 1973: 1-7) नागथली गोन्पाको टिपोट अनुसार लामा पद्म दोर्जेका कुलका लामा तन्-जिन् दोर्जेलाई अधिकार दिइएको अधिकार क्षेत्र पुरै यी ल्होपालाई दिइएको थियो। त्यसैगरी ल्होपा लामालाई नेपाल तर्फका दुङ्-प गोन्पाहरूको नायक तथा भूटानको धार्मिक प्रतिनिधिको जिम्मेवारी दिईएको थियो (Na'-ga thali'i deb - khra, fol., 36)। यसबाहेक नेपालको भाषावंशावली, नरभूपाल शाहका पालाको आम्दानी-खर्च टिपोटको कागज, नागथली गोन्पाको टिपोट, परराष्ट्र मंत्रालय (नेपाल) मा प्राप्त भूटानबाट आएको पत्रको अनुवाद आदि स्रोतमा पनि नरभूपाल शाहका समयमा भएको गारेखा-भूटान सम्बन्धका बारेमा उल्लेख पाइन्छ।

भाषा वंशावलीमा पहिले नरभूपाल शाहका सन्तान नहुँदा भूटानका धर्मराजालाई निम्त्याएर उनको अनुष्ठान र आशिर्वादले पृथ्वीनारायण शाहको जन्म भएको हो भन्ने चर्चा परेको छ। (पन्त र अरू वि.सं., २०२८ ९२०-९२१)। उक्त स्रोतमा यसवेला पनि भूटानी धर्मराजालाई नरभूपाल शाहले लालमोहर गरिदिएको थियो भन्ने चर्चा छ। यसै किसिमको अनुश्रुति भूटानमा बस्ने नेपाली समाजमा पनि व्यापक रूपमा प्रचलित छ।

नागथलीको टिपोटमा र भूटानबाट आएको पत्रमा नरभूपाल शाहको समयमा गोरखा र भोट वीच युद्ध हुँदा भूटानी लामाले निकै मेहनत साथ मध्यस्थको भूमिका खेली सन्धि गराएको चर्चा छ (Na'-ga-thali'i deb-khra, fol. 51-52,) पन्त वि.सं. २०४१: २४४, पन्त वि.सं. ४३, ५३८)। नागथलीको टिपोटमा यस युद्धमा मध्यस्थ भई काम गर्ने भूटानी धर्मराजा दो-गोन्-ङग्-वाङ्-ढुग-ग्यल (Gro-mgon-ngag-dbang-brug-rgyal) भएको कुरा पनि उल्लिखित छ। त्यसै क्यी-रोङ् र ङरीको सिमानाको वुम-प-छेही जोङ् (Bum-pa-chei-rgong) भन्ने ठाउँमा गोरखाका सैनिकलाई तिब्वतका सैनिकले घेरेर मार्न लागेको हुनाले भुटानी धर्मराजाले भूटान र गोरखाको संयुक्त बलले तिमीहरूमाथि आक्रमण हुन्छ र भोटे शैन्यहरू सबै ध्वस्त हुने खतरा हुन्छ भन्ने धम्कि समेत दिई गोरखाका सैनिकलाई छुटाएको र युद्ध सन्धि भएको कुरा उल्लेख छ। यसै रीफ वापत भूटानका ल्होपा लमालाई नागथली गोन्पा र त्यस भेगका प्रदेश समेत पहिलेका तीनजना लामालाई दिएका सम्पूर्ण सुविधाहरू थामेर नरभूपाल शाहले ताम्रपत्र जारी गरिदिएका हुन् भन्ने उल्लेख पनि यस टिपोटमा परेको छ (Na'-ga-thali'i deb-khra fol. 52)। यसै टिपोटमा भूटानका लामा छो-ट्रग्-कोज्-छोग् (Chos-grags-dkon-chog) को अनुष्ठानबाट नरभूपाल शाहलाई पृथ्वीनारायण शाह जस्तो पुत्र प्राप्ति भएको चर्चा पनि छ (Ibid fol. 52-53)।

नरभूपाल शाहका पालाको आम्दानी-खर्चको टिपोटमा विभिन्न खर्चको विवरणको क्रममा 'भूटानी धर्म लामाको सलामीको रू. १' भन्ने विवरण लेखिएको पाईनाले पनि गोरखा-भूटान बीच तिनताका सौहार्द्र सम्बन्ध थियो भन्ने बुझिन्छ। पन्त वि.सं. २०४३: ५३८-३९)।

यस किसिमले पृथ्वीनारयाण शाह भन्दा पहिलेदेखि नै गोरखा र भूटान बीच अत्यन्त नजिकको सम्बन्ध थियो भन्ने कुरा उपर्युक्त तथ्यबाट स्पष्ट हुन्छ। यसरी भौगोलिक दृष्टिले नजोडिएको २ राज्य बीच कसरी यस्तो निकट सम्बन्ध रहन गयो भन्ने विषयमा जोसुकैलाई जिज्ञाशा उठ्नु स्वभाविकै हो। त्यसैले यस विषयमा पनि यहाँ विचार गर्नु परेको छ।

गोरखाका राजा तथा अधिकांश जनताहरू हिन्दू भएतापनि गोरखाको उत्तरीभेकमा तिव्वती संस्कृति र सभ्यता मान्ने तिव्वती मूलका बौद्धमार्गीहरू थिए। त्यसैले उक्त क्षेत्रमा पहिलेदेखि नै बौद्ध गोन्पाहरू सञ्चालित भएका हुनाले ड्रुग्-प लामाहरूसँग सम्बन्ध हुनु स्वभाविक देखिन्छ।

त्यस्तै गरी राजकुमार द्रव्यशाहले लमजुङ्बाट आएर बलियो गोरखा राज्यको स्थापना गरेदेखि नै गोरखा भोटको सिमानामा रहेको तिव्वती मूलकै भोटे शासक हुने बारपाक राज्यसँग लडाई र सन्धि भई नै रहन्थ्यो। गोरखाका राजा द्रव्य शाह, पूर्ण शाह, छत्र शाह, राम शाह तथा पृथ्वीपति शाहका शासनकालमा गोरखाले बारपाकीहरूसँग लड्नु परेको थियो (पन्त वि.सं. २०४१, ५४, ६७-६८, ७३-७४, १०-१२, १४२-४३)। त्यतिमात्र नभएर राम शाह र नरभूपाल शाहले त तिब्बतसँग तैपनि युद्ध गरेका थिए भन्ने वर्णन भाषावंशावलीमा पाइन्छ (पन्त वि.सं. २०४४: ९२-९३, २४४-४५)। रामशाह तथा नरभूपाल शाह दुवैको शासनकालमा गोरखाली शैन्य क्यी-रोङ् जित्दै कुकुरघाटसम्म पुगेको चर्चा वंशावलीमा तथा अन्य पुराना टिपोटहरूमा पाइन्छ (गोरखा वंशावली पृ. ५९-६०, ६२, Na'-ga-Thali' i deb-khra; fol. 52, पन्त वि.सं. २०४१: २४४)। यसरी भोटसँगको युद्धको सिलसिलामा शुरूदेखि नै तिब्बतसँग शत्रुता भएको भूटान राज्यसँग गोरखाको

सम्बन्ध गाँसिएको हुन सक्दछ। नरभूपाल शाहको समयमा त भूटानले गोरखाको पक्षलिएर युद्ध सन्धि समेत गराएको थियो भन्ने उल्लेख सप्रमाण माथि नै गरिसकियो। यसैगरी रामशाहको समयमा पनि तिब्बत विरोधी भूटानले गोरखा पक्ष लागेको हुन सक्दछ।

प्राचीन ल्हो-मोन प्रदेशलाई तिब्बतबाट आएर ड्रुग्-प लामा श्याव-ड्रुङ्-वाङ्-नम्-ग्यालले ड्रुग राज्य [Brug-rgyal-khyal (Dragon Kingdom)] को रूपमा भूटानलाई एक व्यवस्थित राज्य बनाएपछि विस्तार विस्तार तिब्बतले इर्ष्याको रूपले हेर्न थाल्यो। भूटान शक्तिशाली बन्नाले भोटलाई इर्ष्या बढ्नु पनि स्वभाविकै हो। त्यसैले श्याब-ड्रुङ् ङ्-वाङ्नम्-ग्यालकै समयदेखि भूटानले तिब्बतका एक शासक दे-प-सङ्-प (De–pa Tsang–pa)को आक्रमणको सामना गर्नुपरेको थियो र भूटानी सैन्यले भूटानको पारो जोङ् नजिकै तिब्बती सैन्यलाई हराएको थियो भन्ने विषयमा माथि नै पनि उल्लेख गरिसकिएको छ। यसैगरी पछि ई.सं. १७३० मा पनि तिब्बतले भूटानमाथि आक्रमण गरेको थियो। त्यस युद्धमा भूटानको पक्षबाट तिब्बतको विरूद्धमा गोरखालीहरू लडेका थिए भन्ने पनि भनाइछ (विपिनदेव ढुङ्गेलद्वारा सङ्कलित अप्रकाशित स्रोत)।

तिब्बतमा चौधौं शताब्दीमा विद्वान धर्म सुधारक लामा भिक्षु चोङ-ख-उब (Tsong–Kha-Pa) ले गे-लुग- सम्प्रदाय (dge-lugs-pa-sect) को स्थापना गरेपछि विस्तार-विस्तार कर्ग्यू-प-सम्प्रदाय (bka' –rgyus-pa sect) का लामा भिक्षुहरू आफ्नो सम्प्रदायको सुरक्षा र स्थापनाका निमित्त दक्षिण तर्फ लाग्न थाले। यसै प्रकृयाको फलस्वरूप क-र्ग्यू-प संप्रदाय (bka'–rgyus-pa sect) ले भूटान सिक्किम_तथा नेपालको हिमाली प्रदेश र काठमाडौं उपत्यकामा समेत आफ्नो स्थान जमाएको देखिन्छ। त्यसै हुनाले भूटानका प्रथम धर्मराजाले भूटानको एकीकरण गर्नु भन्दा पहिले तिब्बतको रालुङ् गोन्पाबाट आएर काठमाडौंको स्वयंभूमा शिक्षा-दिक्षा प्राप्त गरेका थिए।

यस किसिमले गोरखाको उत्तरी भेकमा अनेकौं बौद्ध गोन्पाहरू हुनु र तिब्बती मूलका वौद्धमार्गी जनजातिको वसोवास हुनु, गोरखाको रूई, वार्पाक जस्ता तिब्बतका सिमान्त क्षेत्र र तिव्वतसँग नै समेत शत्रु तथा मित्रताको सम्बन्ध पहिलेदेखि नै कायम हुनु, ङम्-वङ् नम्-ग्यालले स्वयंभूमा पठन पाठन गर्दा तिनका चर्चित भएको गोरखा राज्य र त्यहाँका राजा रामशाहको सुव्यवस्थित राज्य व्यवस्थाको वर्णन सुन्ने मौका पाउनु, भूटान-तिब्बत वीच गोरखा र तिब्बत वीचमा जस्तै प्रायः शत्रुता हुनु आदि कारणले गोरखाको भूटानसँग सम्बन्ध गाँसिन पुगेको देखिन्छ। तिब्बत तथा तिब्बती मूलका जनजातिले वसोवास गरेका क्षेत्रसँगको सम्बन्धले गर्दा नै गोरखा दरबारमा भूटानी ड्रुग्-प लामाहरूको ख्याति र प्रशंसा पुगेको र फैलिएको हो भन्न सकिन्छ। तान्त्रिक अनुष्ठानमा विश्वाश राख्ने गोरखाली राजा-रानीहरूमा भूटानी लामाहरूका तान्त्रिक ज्ञान र क्षमताले गहिरो प्रभाव पार्नु स्वभाविकै थियो।

(ख) काठमाडौं उपत्यकाका राज्यहरूसँग भूटानको सम्बन्ध

गोरखासँग जस्तै काठमाडौं उपत्यकाका मल्लराज्यहरूसँग पनि भूटानको सम्बन्ध नजिकको थियो। धार्मिक-सांस्कृतिक कारण मुख्य भएता पनि गोरखासँग भूटानको राजनीतिक सम्बन्ध पनि कायम भएको थियो भन्ने कुरा माथि उल्लिखित तथ्यहरूबाट स्पष्ट भएको छ। काठमाडौं उपत्यकासँग भने भूटानले धार्मिक तथा सांस्कृतिक सम्बन्धमात्र पछिसम्म कायम राखेको देखिन्छ।

यसको मुख्य कारण काठमाडौं उपत्यका र भूटानमा विध्यमान बुद्ध धर्म र वौद्ध संस्कृति नै थियो। अर्को कुरा गोरखाका राजा रामशाह (जससँग भूटानको अत्यन्त नजिकको सम्बन्ध थियो)ले उपत्यकाका मल्लराजाहरूसँग पनि निकट सम्बन्ध राखेका थिए। पाटनसँगको उनको मैत्री निकै उल्लेखनीय छ (पन्त वि.सं. २०४३: ५५९)। रामशाहले पाटनका शिल्पी तथा व्यापारीहरूलाई लगेर गोरखाको आर्थिक-सांस्कृतिक उत्थानमा जोड दिएका थिए (पन्त, त्यही)। उता भूटान र गोरखाको निकट सम्बन्धको कारणले पनि पाटनका शिल्पिहरूसँग भूटानी धर्मराजा नजीकिन पाएको हुन सक्दछ। यतिमात्र नभएर भूटानलाई एकीकरण गरी एक व्यवस्थित राज्यको रूप दिने भूटानका पहिला धर्मराजा श्याव-दुङ्-वाङ् नम्-ग्यालले काठमाडौं को स्वयंभूमा पनि शिक्षा पाएको हुनाले यहाँको कला-संस्कृति तथा कलाकार-कालिगढसँग उनी राम्रै परिचित थिए। ङग्-वाङ्-नम-ग्याल भूटानी धर्मराजा भएपछि उनको ई.सं. १६१४ को नेपाल भ्रमणमा गोरखा मात्र नभएर काठमाडौं उपत्यकाको समेत उनले भ्रमण गरेका र त्यसैवेला स्वयंभूमा दर्शन गरेर लाख वत्ति वाल्ने काम समेत गरी कान्तिपुरका राजा लक्ष्मी नरसिंह मल्लसँग मित्रता कायम गरेर यहाँका शिल्पी-कर्मीहरू लिएर गएका थिए भन्ने पनि भनाइ छ। (विपिनदेव ढुङ्गेलद्वारा संकलित अप्रकाशित स्रोत) पछि १६४० को भ्रमणमा आउँदा ङग्-वाङ् नम्-ग्यालले स्वयम्भूको जिर्णोद्धार समेत गरेको उल्लेख पाइन्छ (विपिनदेव ढुङ्गेलद्वारा सङ्कलित अप्रकाशित स्रोत)। ड्रुग्-प लामाहरू स्वयम्भूको जिर्णोद्धार गर्न तथा दर्शन पूजनका निमित्त आएका प्रामाणिक लेखोटहरू पनि पाइएका छन्। भूटानमा मल्लकालका चाँदीका टंका पनि चल्दथे भन्ने जानकारी पाइएको छ। भूटानी मुद्रालाई पनि 'डुल टं' भन्ने चलन भएबाट तिब्बतमा जस्तै भूटानी मुद्राको नाममा पनि नेपाली मोहर टंका मुद्राको प्रभाव रहेको देखिन्छ। उपत्यकाका चाँदीका मोहर भूटानमा धेरै पछिसम्म चलनचल्तीमा भएको कुरा वाल्सले पनि उल्लेख गरेका छन् (Walsh 1973:25)। यस आधारबाट भूटान र नेपाल उपत्यका बीच आर्थिक सम्बन्ध पनि कायम भएको थियो भनेर बुझ्न सकिन्छ।

भक्तपुर म्यूजियममा रहेको 'प्रतापमल्लको तीर्थ यात्रा' नामक नेवारी भाषामा लेखिएको एक हस्तलिखित पुस्तिकामा पनि काठमाडौं उपत्यकाको तिनताका भूटानसँग सम्बन्ध भएको सांकेतिक उल्लेख पाइन्छ। किनकि त्यस पुस्तिकामा राजा प्रताप मल्लले गरेका तीर्थयात्राका तीर्थस्थलहरूमा 'भोटान्त' अर्थात् भूटान देशको पनि नाम आएको छ। प्रताप मल्लले भूटान भ्रमण गरेका थिए भनेर यसै स्रोतका आधारमा मात्र भन्न नसकिएतापनि भूटानी ड्रुग्-प सम्प्रदायको उपत्यकामा तिनताका गहिरो प्रभाव थियो र भूटानलाई बौद्ध तीर्थस्थलकै रूपमा मानिन्थ्यो भन्ने कुरा चाहिं स्पष्ट हुन्छ। हुनत नेपाल उपत्यका र भूटान वीचको सम्बन्ध नेपालको प्रशिद्ध गोपालराज वंशावलीमा उल्लेख भए अनुसार मान्ने हो भने इशाको छैठौं शताव्दीदेखि नै शुरू भएको थियो भनेर मान्नु पर्ने हुन्छ। तर यस विषयमा किटान गरेर भन्न सकिने स्थिति भने छैन।[६] भूटानी स्रोतमा सत्रौं शताव्दीदेखि काठमाडौंबाट समयसमयमा कलाकार कालिगढहरू भूटानको थिम्पू र पुनाखा उपत्यकामा गएर काम गर्न थालेको उल्लेख पाइन्छ (Mehra 1972:49)। भूटानका देवाराजा (देवराजा) तन्-जिन्-खु-ग्ये (ई. १६३८-१६९६) का पालामा पुनर्निर्माण हुँदा उक्त गोन्पालाई चमत्कारपूर्ण विविध वौद्धकलाले पूर्ण बनाइ सिङ्गार्ने काम नेपाली कलाकारबाट भएको थियो (Rahul 1983:55)। नेपाली कलाकारले त्यसवेला निर्माण गरेका महायानी वौद्ध सम्प्रदायका स-साना तर अत्यन्त उत्कृष्ट धात्विक मूर्तिहरू अझै उक्त गोन्पामा पाउन सकिन्छ (Rahul, Ibid)। काठमाडौं उपत्यकाबाट गएका कतिपय कलाकारहरू भूटानको थिम्पूको उत्तरमा अवस्थित दे-छेन्

नजिकैको वेवुना (Bebuna) भन्ने ठाउँमा (Rahul, Ibid) र थिम्पू उपत्यकाकै पाचु (Pachu) र वेल्-नाङ् (Bel–nang) भन्ने ठाउँमा (Mehra 1972:49) वसोवास गर्दै आएको जानकारी पाइएको छ। यस ठाउँलाई अहिले पनि वल्-पो भनेर चिनिन्छ (Mehra 1972:49)। तिब्बती भाषामा नेपाललाई वल्-पो भनिने हुनाले भूटानमा ती ठाउँमा नेपालीले वसोवास गरेको हुनाले वल्-पो भनिएको हुनु पर्दछ। वेल (युल) वा वेयुल पनि नेपालकै निम्ति प्रयोग हुने तिब्बती शब्द हो। शुरू-शुरूमा भूटानको बौद्धकला र वास्तुकलाको क्षेत्रमा तिब्बतमा जस्तै नेपाली कलाकारहरूको हात थियो। पछि विस्तार-विस्तार भूटानी कलाकारहरू पनि नेपाली परम्परा र शैलीद्वारा प्रभावित भएका हुनाले भूटानको कलाक्षेत्रसँग पनि नेपाल उपत्यकाको अत्यन्त नजिकको सम्बन्ध रहि आएको छ। हुनत नेपाली कलाकारहरूका कला शैलीले तिनताका भूटान, तिब्बत मात्र नभएर एशियाकै अधिकांश भूखण्डलाई प्रभाव पारेको थियो। यसै प्रसङ्गमा भूटानको टाशे-याङ्चच (Bkra-'Sis-Yang-Tse) प्रान्तको गो-माङ्-खारा (Sgo-Mang–Kho–ra) मा र टोङ्-सारको चेन-देवूजी (Chendebji)मा वनेका दुई स्तूपलाई पनि उदाहरणको रपमा लिन सकिन्छ। ती दुवै स्तूपमा गुम्बज (Dome)माथिको हर्मिका (Harmika)मा ठूला-ठूला आँखाको चित्र अङ्किकत गराउनुका साथै अन्य शैली पनि नेपालकै बौद्धनाथको शैलीसँग मिल्दो-जुल्दो देखिन्छ। त्यसैले नेपालकै शैलीलाई आधार बनाएर उक्त भूटानका स्तुपहरूको निर्माण गरिएको हो भन्ने राय पनि विद्वानहरूले दिएका छन् (Mehra, 1972:62)।

काठमाडौं उपत्यकामा धेरै पहिलेदेखि नै तिब्वती वुद्धधर्मको क-ग्यू-प सम्प्रदायको वलियो प्रभाव रहेको इतिहासले स्पष्ट्याएको छ। तिब्बतबाट क-ग्यू-प सम्प्रदायका कर्म-प, हुग्-प रिन्-पो-छे, श्या-मर-प जस्ता ठूल-ठूला लामाहरूको काठमाडौंको भ्रमण गरी स्वयंभूमा पूजा-आजा, श्याहारसंभार तथा जिर्णोद्धारका कामहरू बारेका प्रमाण पाईएका छन् (शाक्य १९७७:१७२, ढुङ्गेल १९८८:१-१०)। त्यस्तैगरी उपत्यकामा सर्वप्रथम यसै सम्प्रदायको गोन्पा स्थापित भएको कुरामा विद्वानहरू एकमत छन्।

यस्तै किसिमले अघि श्याव-दुङ्-ङग्-वाङ् नम्-ग्यालको शासन कालमा भूटानका प्रशिद्ध लामा दम्-छो-पे-कार गोरखा आउँदा काठमाडौं समेत आएका र त्यसवेला उनले गोरखाका शाह राजा र उपत्यकाका मल्लराजाबाट समेत अनुमति लिई केही ड्रुग्-प सम्प्रदायका गोन्पाहरू स्थापना गरेका थिए भन्ने कुराको उल्लेख भूटानी स्रोतमा पाइन्छ (Mehra 1972:58)। भूटानी स्रोतमा नेपालका राजाको सहयोगमा गोन्पाको स्थापना गरेको चर्चा भएतापनि तिनताका नेपाल मैनसकेको र उनले गोरखा र काठमाडौं उपत्यकाको भ्रमण गरेको हुनाले दुवै क्षेत्रमा गोन्पाको स्थापना गरेको हुनुपर्दछ। भूटानको धर्म विस्तार र दान लिने नीति अनुरूप यो काम भएको थियो भन्ने कुरामा शंका रहँदैन। संभवतः यसैवेला (अर्थात् सत्रौं शताव्दीको मध्य ताका) स्वयंभू क्षेत्रमा ड्रुग्-प गोन्पाको स्थापना भएको थियो र स्वयंभू क्षेत्र र त्यसका पहुँचका जग्गा-जमिन तथा गाउँहरू सहित भूटानी धर्मराजाले कान्तिपुरका राजाबाट दान पाएका थिए (ढुङ्गेल १९८६:९-१३)।

यस सन्दर्भमा संक्षेपमा भूटानको धार्मिक विस्तार त्यस माध्यमबाट अन्तर्राष्ट्रिय क्षेत्रमा समेत धार्मिक-सामाजिक मर्यादा कमाउने र आर्थिक उत्थान गर्ने नीतिका विषयमा चर्चागर्नु सान्दर्भिक हुन्छ।

भूटानका धर्मराजा श्याव-दुङ् ङग्-वाङ्-नम्-ग्यालले भूटानमा व्यवस्था कायम गरी भूटान एकीकरण गरेपछि आफ्नो डुग्-प धर्मको वाह्य मुलुकमा प्रचार-प्रसार र विस्तार गर्ने तथा त्यसै माध्यमबाट वाह्य मुलुकहरू सम्म आफ्नो देशको सम्बन्ध तथा प्रभाव वढाउने नीति लिएका थिए। यस नीति अनुरूप विभिन्न छिमेकी राज्यका शासकहरूसँग सम्बन्ध राखी ती मुलुकहरूमा गएर आफ्ना धार्मिक तथा तान्त्रिक विशेषता प्रस्तुत गरी त्यहाँका शासक र जनतालाई प्रभाव पारेर आफ्नो डुग्-प सम्प्रदायको गोन्पा स्थापना गर्ने परम्परा अपनाएका थिए। यसरी गोन्पा स्थापना गरिसकेपछि त्यस गोन्पा वरीपरीका गाउँ तथा जग्गा-जमिन आदि स्थायी सम्पत्ति समेत त्यहाँका शासकहरूबाट दानको रूपमा भूटानी धर्मराजाको नाममा विर्ता लिने समेत परम्परा थियो। यसै अनुरूप पश्चिम तिब्बतका विभिन्न ठाउँहरू, लद्दाख,वर्तमान नेपालको मुस्ताङ् (तात्कालिक Glo kingdom), मध्य तिब्बतका विभिन्न स्थलहरू, नेपालको गोरखा, काठमाडौं उपत्यका आदि राज्य तथा स्थलहरूमा भूटानी धर्मराजाले डुग्-प धर्म प्रचार गर्न गोन्पा स्थापना गर्नुका साथै जग्गा-जमिन र गाउँ समेत दान-विर्ता पाएका थिए। आफ्नो धर्म सम्प्रदायका गोन्पाहरू धेरै भएका ठाउँमा त्यहाँको सम्पत्तिको उठ्ती-पुठ्तीगर्ने र पूजा-आजा र मठ-मन्दिरको हेर-विचार, स्याह्रार-संभार समेतको व्यवस्थाका निमित्त भूटानबाट धार्मिक प्रतिनिधि राख्ने परम्परा पनि धर्मराजा श्याव-ढुङ्-नम् ग्यालले चलाएका थिए। यसै नीति अनुरूप लद्दाख क्षेत्रमा र नेपाल उपत्यकामा समेत भूटानका धार्मिक प्रतिनिधि बस्ने परम्परा इशाको सत्रौं शताव्दीको दोस्रो चतुर्थाशदेखि नै चलेको बुझिएको छ (Rahul, 1983:54; Aris 1980:249)। यसरी भूटानबाट तोकिएका धार्मिक प्रतिनिधिले सम्बन्धित क्षेत्रका शासकहरूसँग भूटानको तर्फबाट सौहार्द्र मैत्री सम्वन्ध कायम गर्ने वकिल (Bhutanese agent) को अधिकार पनि पाउँथे। इ.सं. १७३५ मा भूटानका धर्मराजा मि-गुर-तेन्-पा (Mi-gur-brtan-pa) ले प्रशिद्ध लामा तन्-जिन्-रव् ग्यै (bstan-'jin-rab-rgyas) लाई पश्चिम तिब्बत र लद्दाख तर्फको भूटानी धार्मिक प्रतिनिधिको रूपमा नियुक्त गरेको प्रसङ्ग यस सिलसिलामा उल्लेखनीय छ (Aris 1980:249, bstan-jin-rab-rgyas kyi rnam-mthar= Biography of Tan-jin-rab-gye, fol. 109)। यो परम्परा धेरैपछिसम्म कायम रह्यो। ई.सं.१९५९ सम्म पनि भूटानका धार्मिक प्रतिनिधि लद्दाखको दर-छेन ल्ह-खङ् (गर्मियाममा) तथा खोर-छग् (जाडो याममा) भन्ने ठाउँमा आफ्नो मुकामगरी उक्तक्षेत्रका डुग्-प-गोन्पा तथा तिनले चर्चेका जग्गा जमिन तथा गाउँको समेत प्रशासन चलाउँथे (Singh 1972:23)। श्याव-ढुङ् ङग् वाङ् नम् ग्यालको प्रयासको फलस्वरूप भूटानको डुग्-प (Brug-pa) धर्म सम्प्रदायले लद्दाखमा इशाको सत्रौं शताव्दीको पूर्वार्द्धताकादेखि नै राष्ट्रिय मान्यता पाएको थियो। इशाको सत्रौं शताव्दीको पहिलो दशकदेखि लद्दाखको राज्य विस्तार अभियान उल्लेखनीय रूपले बढेको थियो। लद्दाखका राजा छे-वङ् नम्-ग्यालले शुरूगरेको अभियानले उनका छोरा जाम-याङ् नम्-ग्यालको समयमा अझ सफलता हासिल गरेथ्यो। जाम-याङ् नम्-ग्यालका छोरा सेङ्गे नम्-ग्यालले पनि वावु-बाजेको यस गौरवपूर्ण विजय अभियानलाई कायमै राखेका थिए। छे-वाङ् नम् ग्यालकै समयमा पश्चिम तिब्बतका गुँगे-पुराङ (Spurang) जस्ता महत्वपूर्ण प्रदेश लगायत ङरी (mnga'-ris) इलाकाको अधिकांश भू-भागमा लद्दाखले अधिकार जमाइसकेको थियो। यसै सिलसिलामा वर्तमान नेपाल भित्रपर्ने मुस्ताङ् (लोवो) र डोल्पा (दोल्वो) आदि प्रदेश माथि पनि लद्दाखले केहीकालका निमित्त अधिकार गरेको थियो (Francke 1972:105)। लद्दाखका राजा सेङ्गे नम्-ग्यालले आफूले विजय गरेका र आफ्नो अधिकारका विभिन्न गोन्पा र तिनले चर्चेका गाउँ तथा चलअचल सम्पत्ति भूटानी

धर्मराजालाई दान दिएका थिए। यसै क्रममा सेङ्गे नम्-ग्यालले मुस्ताङ् र डोल्पाका केही गोन्पा र जग्गा जमिन समेत भूटानी धर्मराजालाई दान स्वरूप दिएका थिए (Aris 1980: 259 र Bstan-gin-rab-rgyas kyi rnam- mathar, fol. 1-9)। मुस्ताङ् (लोवो) प्रदेशमा भूटानी लामाले अधिकार पाएका २ वटा गोन्पा मध्ये एउटा अफै कायम रहेको र एउटा चाहिं करीव एक शताव्दी जति पहिले नै वाढीको कारणले नष्ट भएको जानकारी पाईएको छ। मामा स्युङ् भन्ने ठाउँको नासा भनिने उक्त गोन्पाको भग्नावशेष अहिले पनि मुस्ताङ्को छो-श्यार पञ्चायतमा छँदैछ। यस्तै किसिमले लोवो दरवार र डुग (भूटान) दरवार बीच अघि वैवाहिक सम्बन्ध समेत भएको थियो भन्ने कहावट मुस्ताङ् भेकमा अहिले पनि अत्यन्त प्रचलित छ। मुस्टाङ्को छो-जोङ् स्थित डुग्-प गोन्पा लो (मुस्ताङ्) राजाकी रानी भूटानी राजकुमारीका प्रेरणाले बनेको भन्ने पनि भनाई छ। गोरखाली शाहराजाले नेपाल एकीकरण गरेपछि भूटानलाई दान दिएका १२ घ्याङ (गोन्पा) मध्ये मुस्ताङका यी गोन्पा पर्दथे। जसमध्येपूर्वका कतिपय गोन्पा गोरखाको पहुँच भित्रका गोरखाली राजा राम शाहले नै दान दिएको चर्चा माथि गरिसकिएको छ।

यसैगरी वर्तमान नेपालको मोरङ् क्षेत्रमाथि सेन राजाको शासन छँदा विजयपुरबाट मामुलि रकम वार्षिक सिर्तोको रूपमा भूटान जान्थ्यो भन्ने जानकारी पनि पाईएको छ (Na'-ga-Thali'i-deb khra, fol.54)। पछि मोरङ्-विजयपुर नेपालमा गाभिएको समयमा वडामहाराजा पृथ्वीनारायणशाहले ह्नकु गाउँ र स्वयंभूको गुठीका निम्ति ५ खेत र केही पाखो जग्गा भूटानी धर्मराजा शि-दरलाई थप दान दिएर मोरङ्को लेन-देन मिलाएका थिए (Na'-ga-Thali'i -deb khra, fol.54-55)।

गोरखाका राजा कृष्ण शाहले दान दिएको चिरङ्चा समेत पश्चिमका केही गोन्पाहरू तथा जग्गा-जमिन, नरभूपाल शाहका पालामा दान दिएका नागथली गोन्पा र जग्गा-जमिन तथा गाउँहरू पनि यसैका उदाहरण हुन।

काठमाडौं उपत्यकाका मल्ल राजाहरूसँग भूटानका धर्मराजाको निकट सम्बन्धलाई प्रकाश पार्ने सामग्रीमा रसुवा नागथली डुग्-प गोन्पाको टिपोटलाई पनि महत्वपूर्ण मान्नु पर्दछ। यस टिपोटमा गोरखा दरवारमा जस्तै काठमाडौं उपत्यकाका मल्लराजाको दरवारमा पनि भूटानी लामाका तान्त्रिक ज्ञानको ख्याति र प्रभाव गहिरो रूपमा परेको कुराको उल्लेख छ। त्यस टिपोटमा उल्लेख भए अनुसार भक्तपुरका राजा रणजीत मल्ललाई नागको व्यथा लागेका वखत भूटानी लामा छो-छिङ्ले औषधोपचार सहित तान्त्रिक पद्धतिले पाठ-पूजा समेत गरेर निको पारेको हुनाले त्यस रीफ वापत भक्तपुरकै ठगु र भोगुदेवको जग्गा भूटानी लामालाई दान स्वरूप दिएको चर्चा छ (Na'-ga-Thali'i - deb khra fol. 41)। त्यस्तैगरी रणजीत मल्लले यसबाहेक अरू नै रीफ वापत ई. १७४८ को जुन महीनामा ताम्रपत्र नै गरेर भक्तपुरमा भएको ठगु भन्ने गोन्पाले चर्चिएका जग्गा समेत पचासौं रोपनी अरू जग्गा भक्तपुर सहरभित्रै र आसपासमा दान दिएको चर्चा पनि यस पत्रमा परेको छ (Na'-ga-Thali'i-deb - khra, fol. 40-41)। यस पत्रबाट भक्तपुरमा यसभन्दा पहिले देखि नै ठगु नामको एउटा डुग्-प गोन्पा भएको जानकारी मिलेको छ।

यस्तै किसिमले पृथ्वीनारायण शाहले ई. १७७२ मा गरिदिएको तामापत्रमा पनि पहिले

मल्लराजाले दानको रूपमा भूटानी धर्मराजालाई चढाएका उपत्यका भित्रका १३०।३५ रोपनी जति जग्गा पुनः भूटानी धर्मराजालाई नै कायम गरिदिएको उल्लेख छ। यस्तै गरी यसै टिपोटमा ई. १७५७ को फेब्रुअरी महीनामा भूटानी धर्मराजाको तर्फबाट स्वयंभूको चैत्यको प्राणस्तम्भ अर्थात महायष्ठि समेत नयाँ राखेर जिर्णोद्वार कार्य गरेको र त्यहाँ भूटानी लामाद्वारा स्थापित महाचैत्यको प्रदीप मंदिर (मर-म्हे-ल्ह-खङ्) र त्यहाँ भएका सुवर्ण तथा श्रीखण्डका मूर्तिको विवरण पनि दिइएको छ (Na-ga-thali'i-deb-khra fol. 26)। पछि स्वयंभूमा दशौं श्यामर-प लामाले लेखेर राख्न लगाएको अभिलेखमा पनि काठमाडौंका राजा जयप्रकाश मल्लले यसै जिर्णोद्वारको काममा ड्रुग-प लामालाई सहयोग पुऱ्याएको चर्चा परेको छ।

यी उपर्युक्त तथ्यले उपत्यकाका मल्ल राजाहरूसँग भूटानको धार्मिक-साँस्कृतिक सम्बन्ध पनि उत्तिकै निकट रहेको थियो भन्ने बुझिन्छ।

(ग) नेपालको एकीकरण अभियान र त्यसपछि नेपाल-भूटान सम्बन्ध

शताब्दी भन्दा पुरानु गोरखा-भूटान सम्बन्धमा वडामहाराजाधिराज पृथ्वीनारायण शाहका पालामा अझ विस्तार भयो। भूटानले पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा आफ्नै किसिमले सहयोग पुऱ्याएको थियो। अभियान शुरूहुनुभन्दा अगाडि नै पृथ्वीनारायण शाह र भूटानी धर्मराजा बीच संझौता भएको थियो। संझौता अनुरूप विजय अभियान पुरा भएपछि नेपाल भित्रका संपूर्ण गोम्पाहरूको अधिकार भूटानी धर्मराजा (श्याव-दुङ् रिन् पो छे) लाई दिने शर्त वन्दोवस्त भएको थियो (Brug-Na'-ga-thali'i—deb khra, fol. 53)। यसै शर्त अनुरूप पूर्वका छ गोटा 'Brug-pa गोन्पाहरू जग्गा-जमिन गाऊँ नै सहित पृथ्वीनारायण शाहले दान-विर्त्ता दिएका थिए[८] र आफ्ना पूर्वज र उपत्यकाका मल्ल राजाहरूले दान दिएका गोन्पा तथा विर्त्ता जग्गा-जमिन आदि सम्पत्ति भूटानी धर्मराजालाई कायम गरिदिएका थिए (Na'-ga-Thali'i–deb-khra, fol. 38-39, 41-43, 54)। पछि नेपालको एकिकरण अभियान पुरा हुँदासम्म पश्चिमका ६ गोटा र पूर्वका ६ गोटा गरेर १२ ड्याङ् गोन्पाहरू भूटानी धर्मराजाको अधिकारमा शाहराजहरूबाट समेत कायमगरी दिईएको थियो भन्ने जानकारी नेपालका भूटानी गोन्पाका लामाहरूबाट प्राप्तभएको छ। यसरी नेपालबाट भूटानी धर्मराजाले जग्गा-जमिन सहीत अधिकार पाएका १२ गोन्पामा कुन-कुन पर्दथे भनेर एकिन गर्न सकिएको छैन। तापनि चरीकोट, नागथली, योल्मो, नगरे, तेरी, लिच्याखु, हुमी, पुंडी, नामा-स्युङ् (नासा), छो जोडठ्, नयाँ गोन्पा (गोन-सार) चिरङ्-चा यातें, थंते जस्ता भूटानी गोन्पाहरूको उल्लेख चाहि पाइन्छ।

पृथ्वीनारायण शाहको मोरङ् विजयपुर माथिको विजय अभियानमा भूटानले त्यस प्रदेश माथिको आफ्नो अधिकार समेत छाडेर सहयोग पुऱ्याएको थियो किनकि विजयपुरबाट वार्षिक रूपमा साधारण सितौं भूटानले पाउँथ्यो। उक्त सितौंको सट्टामा हाकु गाउँ र स्वयंभू छेउका समेत ५ कित्ता जग्गा पृथ्वीनारायण शाहबाट दान विर्त्ता लिएर भूटानले मोरङ-विजयपुर पृथ्वीनारायण शाहको अधिकारमा पार्न सहयोग पुऱ्याएको थियो (Na'-ga-Thali'i - deb - khra fol. 54-55)। तिनताका भूटानमा धर्मराजा ठिन-ले-ड्रुग्-ग्याल् र दे-पा राजा सि-दार (सोनम ल्हुन्-दुव) (Phrin-las-brug-rgyal र De-pa Raja Si-dar Sod - nams - lhum - grub) थिए। भूटानका यी दुवै शासकसँग पृथ्वीनारायण शाहको आत्मिय सम्बन्ध भएको बुझिएको छ। (Na'-ga-Thali'i-

deb-khra fol. 54)। पृथ्वीनारायण शाहको पूर्व विजय अभियानको समयमा र शासनकालको अन्त्यसम्ममा ४ थान लालमोहर भूटानी लामाहरूका नाममा जारी भएका पाईएका छन्। जसमध्ये ई. १७७२ (वि.सं. १८२९)मा २ थान ई. १७७३ (वि.सं. १८३०) र ई. १७७४ (वि.सं. १८३१) मा १।१ थान जारी भएका थिए। ई.सं. १७७४ मा भूटानी धर्मराजा ठिन-ले-ढुग-ग्याल ('Phrin-las-'brug–rgyal) आफ्ना अधिकारी सिम-पान वाङ-छुक (gsim-dpon-wang-chuk) लाई समेत साथमा लिएर सरसौगात साथ पृथ्वीनारायण शाहलाई भेट्न नेपाल आएका थिए। जुनवेला सिक्किम, कोचविहार, आसाम आदिसँग लड्नु पर्दा र अंग्रेजको हस्तक्षेपको सामना गर्नुपर्ने समेत संभावना देखिएकोले त्यसका निमित्त पनि नेपालबाट भूटानलाई सहयोग होस् र दुईदेश (नेपाल-भूटान) वीच सन्तान दरसन्तान मैत्रीसम्बन्ध कायम रहिरहोस् भन्ने भूटानी धर्मराजाको सदिच्छा अनुरूप दुवै तर्फ मोहरको विनिमय भएको थियो (विपिनदेव ढुङ्गेलद्वारा सङ्कलित स्रोत)। ई. १७७२ मा दिएका मोहर मध्ये एउटा मोहरमा भूटानका नागथली गोन्पामा बस्ने लामाहरूलाई काठमाडौं आउँदाजाँदा भारामा भारी ढुवानी गर्ने सुविधा दिईएको थियो भने अन्य मोहरहरूमा जग्गा-जमिन दान विर्त्ता दिएको र भूटान (धर्मा-देवा)सँग आपसि सम्बन्ध राख्ने विषयमा उल्लेख भएको पाइन्छ। गोरखाली शैन्यले विजय अभियानको सिलसिलामा सिक्किमको प्रदेश समेत जित्दै टिष्टा साँध लगाउँदा भूटान चूपलागेर बस्नुको कारण भूटानसँग वडामहाराजाको निकट सम्बन्ध नै हो।

पृथ्वी नारायण शाह पछि पनि नेपालको भूटानसँगको सम्बन्ध उस्तै रह्यो। प्रतापसिंह शाहका पालामा ई.सं. १७७६ (वि.सं. १८३३)मा भूटानी धर्मराजालाई दुईदेश वीचको पुरानु सम्बन्ध यथावत रहने गरी नयाँ लालमोहर पठाइएको थियो। यसवेला भूटानीलामा ठिन-ले ढुग-ग्यल (Phrin-las-brug-rgyal) थिए र यिनले प्रतापसिंह शाहको देहावशान पछि नेपाल दरबारमा आएर रानी राजेन्द्रलक्ष्मीको आग्रह वमोजिम २ वर्षका वालक राजा रणवहादुर शाहको दीर्घ जीवनका निमित्त तान्त्रिक अनुष्ठान गरेका थिए। त्यसवापत नेपाल दरबारबाट भूटानी धर्मराजाको नाममा 'सिन्धुरी' र 'छेने' भन्ने ठाउँमा जग्गा दान दिईएको थियो भन्ने उल्लेख पाइन्छ (Na'-ga-thali'i-deb-khra, fol. 55)।

यस्तै गरेर रणवहादुर शाहका पालामा पनि राजकुमार वहादुर शाह र भूटानका लामा तन्-जिन्-ड्रुग्-ग्याल् वीच निकट सम्बन्ध थियो। त्यसैले वहादुर शाहले तन्-जिन्-ड्रुग्-ग्याललाई नेपाल दरवारमा निम्त्याई एकपल्ट सिक्किम माथि आक्रमण गर्ने सरसल्लाह मिलाएका थिए। भूटानले सिक्किम पक्ष नलिई नेपाललाई समर्थन गर्ने संभौता भएपछि नेपालले थोङ्-मोन् र कलारी नामक गाउँहरू भूटानी धर्मराजालाई दान स्वरूप दिएको थियो। (Na'-ga-thali'i-deb-khra, fol. 56)। रणवहादुर शाहको नामबाट ई. १७७९ (वि.सं. १८३३) मा भूटानी धर्मराजालाई यसै सन्दर्भमा लालमोहर दिइएको थियो।

यसैगरी नेपाल-भोट युद्धको समयमा नेपालले शिकाचे क्षेत्रसम्म विजय गरेपछि क्यी-रोङ्का नौ प्रदेश (क्यी-ढोङ्-ग्य-छो-गु-पो) मा केही नेपाली सैनिकलाई तिब्बतले विद्रोह गर्ने अभिप्राय लिएर लुकाई मारेपछि नेपालीहरूको तर्फबाट विद्रोहीहरूलाई पक्डिएर नेल ठोकि मार्न लाग्दा भूटानी धर्मराजाले मध्यस्थ भई उत्तेजनाको अवस्थालाई साम्य गराएको चर्चापनि पाईएको छ (Na'-ga-Thali'i deb-khra, fol. 57)। नेपाल-भोट-चीन युद्धको समयमा पनि भूटानले

मेलमिलाप गराउन लामा ठिन्-ले-ड्रुग-ग्याल (phrin-las-brug-rgyal) र धर्मराजाको नीजि सचिव शे-रव-ताग्-ग्ये (She-rab-tag-gye) लाई भूटानबाट नेपाल पठाइएको थियो (Na'-ga-thali'i-deb khra, fol. 58)। वहादुर शाहको नायवीकालमा एकपल्ट आसामसम्म आक्रमण गर्ने विचार नेपालले उठाएको थियो र भूटानसँग सहयोग सहित आक्रमण गर्ने बाटो समेतको निमित्त माग गरेको थियो भन्ने चर्चापनि नागथली गोन्पाको टिपोटमा परेको छ। (Fol. 59)। यो प्रसङ्ग भूटानीलामा 'सा-गा' को समयको थियो।

यस्तै किसिमको सहयोगको आदान-प्रदान हुने क्रममा ई.सं. १७९९ र १८०१ (वि.सं. १८५६ र १८५८) मा चौतरीया वम शाहबाट र ई.१८१७ (वि.सं. १८८४) मा श्री ५ राजेन्द्रबाट ई. १८४७ (वि.सं. १९०४) र ई. १८६१ (वि.सं. १९१८) मा श्री ५ सुरेन्द्रबाट ई. १८८२ र १८८६ (वि.सं. १९३९ र १९४३) मा श्री ५ पृथ्वी वीर विक्रमबाट र ई. १९११ (वि.सं. १९६८) मा श्री ५ त्रिभुवनबाट भूटानी शासकहरूका नाममा लालमोहर दिइएका थिए। यसवाहेक राणा प्राइमुमिनिष्टरहरूबाट पनि केही पत्रहरू गएका थिए।

नेपाल-भूटान मैत्री सम्बन्धको एक महत्वपूर्ण माध्यम स्वयंभूनाथ थियो भन्ने विषयमा माथि नै चर्चा गरियो। त्यस्तैगरी ड्रुग्-पा (Brug-pa) लामाहरूबाट स्वयंभू चैत्यको जिर्णोद्धार हुन्थ्यो भन्ने विषयमा पनि चर्चा गरियो। यो क्रम धेरै पछि सम्म कायम रहेको देखिन्छ। भूटानी लामा सेङ्गे-नोर-वु ई. १८१७ जुलाई (वि.सं. १८७४) मा काठमाडौं आएको समयमा स्वयंभू महाचैत्यको महायष्ठी (शोग्-शिङ्) फेर्ने र साधारण जिर्णोद्धार गर्ने काम भएको थियो (Na'-ga-thali'i-deb khra, fol 59)। यसैगरी ई. १९१५ (वि.सं. १९७२) मा भूटानका गेलोङ् शेख दोर्जे, खाम् तोप् देन्, शाक्यश्रीका छोरा र छे-वाङ् जिग्-मे समेतले स्वयंभू महाचैत्यको जिर्णोद्धार गरेको थियो भन्ने कुरा नेपालका कपर्दार भोटु पाँडेले भूटानी धर्माक ड्रुग्-प लामाज्यूलाई लेखेको पत्रबाट स्पष्ट हुन्छ। (विपिनदेव ढुङ्गेलद्वारा संकलित स्रोत)। यो जिर्णोद्धार कार्य ई. १९१८ (वि.सं. १९७५) मा मात्र पुरा भई प्रतिष्ठा गर्ने काम भएको थियो।

यसरी नेपालमा राणा शासनको थालनी ताका सम्म नेपाल-भूटान वीचको मैत्री सम्बन्ध अत्यन्तै राम्रो थियो। तर जङ्गवहादुर सत्तामा आएको ८ वर्ष पछि ई. १८५५ (वि.सं. १९१२)मा भएको नेपाल-भोट युद्धमा भूटानले तिब्बततर्फ लागेको शंका गरी भूटानीलामाहरूलाई युगौंदेखि दान-विर्ताको रूपमा दिइएका जग्गा-जमिन, गोन्पा-गुठी तथा सवै किसिमका परम्परागत सुविधा सहुलियतहरू समेत सवै नेपाल सरकारले जफत गऱ्यो। यसरी केही समयका निमित्त नेपाल-भूटानको परम्परागत मैत्री सम्बन्ध टुट्न गयो। नेपालका भूटानी गोन्पाहरू उचित हेरविचार र स्याहार सम्भारको अभावमा जीर्ण अवस्थामा पुगे। तर पछि भूटानले उक्त युद्धमा तिब्बतलाई साथ दिएको थिएन, भोटेहरूसँग लागेको आरोप मात्र लागेको हो भनेर प्रमाण सहित अनेक कोशेली साथ अत्यन्त सम्मान गरेर भूटानी धर्मा-देवा (धर्मराजा र देपा राजा)ले वरावर विन्तिपत्र पठाएपछि[९] ई. १८७२ (वि.सं. १९१९) देखि पुनः कायम हुनेगरी जफत भएका जग्गा-जमिन तथा गुठीहरू फिर्ता गरिए। यस सन्दर्भमा ई. १८६१ मा नै ई. १८६२ को आम्दानी भोग गर्न पाउने गरी नेपालबाट भूटानी धर्मराजाको नाममा लालमोहर भएको थियो। यसो भएतापनि ई. १८६२ मा भूटानी लामालाई भूटानका पुराना विर्ता जग्गा-जमिन, गुठी आदि फिर्ता दिंदा अघि दिइएका संपूर्ण जग्गा-जमिन

फिर्ता भएनन्। ई. १८७२ को भूटानबाट आएको तिब्बती लिपि र जोङ्-खा भाषाको एउटा पत्रमा यस विषयमा स्पष्टै चर्चा परेको छ।[10] त्यस्तै गरेर श्री ५ सुरेन्द्रबाट ई. १८६१ मा भएको लालमोहरमा[11] उल्लिखित जग्गाको सूची र नागथली गोन्पाको टिपोटमा उल्लेखित जग्गाको सूचि मिढाए पछि पनि यो कुरा स्पष्ट हुन्छ। यसरी पुरै जग्गा-जमिन पछिसम्म पनि फिर्ता भएको देखिंदैन। यसरी संपूर्ण जग्गा-जमिन फिर्ता नभएतापनि स्वयम्भू समेत मुख्य-मुख्य गोन्पा तथा जग्गा-जमिनहरू पाएकोले भूटानी लामाले चित्त बुझाएको देखिन्छ। ई.सं. १८७२ मा उपर्युक्त जग्गाहरू भूटानलाई फिर्ता दिइयो, यसको २ वर्ष पछि ई.सं. १८६४ मा भूटानी देपा राजा, थागाप्रान्तका पोन्-लोव् र भूटानी काजी दालचन गुरूङ्ग र कीर्तिमान बुढाथोकी समेतको भूटानी वरिष्ठ मैत्री मण्डल वीसौं घोडा-खच्चरमा सरसौगातका सामान लादेर काठमाडौं आएको थियो (विपिनदेव ढुङ्गेलद्वारा संकलित अप्रकाशित सामग्री)। यस घटनाले भूटानीहरूले चित्त बुझाएको र खुशी भएको कुरा स्पष्ट हुन्छ।

नेपाल दरवारमा हुने विवाह र राज्याभिषेक जस्ता विशेष समारोहहरूमा भूटानका धर्मा-देवा (धर्मराजा र देवा राजा) तथा पछि नरेशहरूलाई निम्त्याउने चलन अघिदेखि नै चलिरहेको थियो। यस्तो अवसरमा कहिले धर्मराजा तथा देपाराजा स्वयं र कहिलेकाहिं अन्य प्रतिनिधि मण्डल आउने परम्परा थियो। राणाकालदेखि भने नेपालबाट पनि यस्तो अवसरमा भूटानमा प्रतिनिधि मण्डल पठाउने चलन चलेको देखिन्छ।

भूटान-नेपाल मैत्रीको क्रममा भूटानमा ई. १९०७ डिसेम्बर देखि नयाँ राजवंशको स्थापना हुँदा नेपालले खेलेको भूमिका उल्लेखनीय छ। यसकार्यमा नेपाल सरकारले पनि स्वीकृति, समर्थन र सहयोग पुऱ्याएको थियो। टोङ-सार-पोन्-लोप् उग्र्येन दोर्जे, काजी गर्जमान गुरूङ, धनवीर बुढा, कीर्तिमान वुढाथोकी र वल वहादुर नेपाल समेत ई.सं. १९०६ मै नेपाल आई टोङ्-सार-पोन-लोप् उग्र्यन वाङ-छुकलाई राजा बनाउने स्वीकृतिको मोहर प्राप्त गरेका थिए। यसकार्यमा अंग्रेजहरूलाई मन्जुर गराउने काम पनि प्र.मं. चन्द्र शमशेरबाट भएको थियो। यसकामका निम्ति कलकत्तामा ई. १९०७ मा लर्ड मिण्टोलाई चन्द्रशमशेरले भेटेर वन्दोवस्त मिलाएका थिए। चन्द्रशमशेरले उग्र्येन वाङ्-छुकसँग मित समेत लाएका थिए भन्ने पनि भनाई छ। उग्र्येन वाङ्-छुकले चन्द्रशमशेरलाई लेख्दा "मित ज्यू चक्रपति गोरखा महाराजा" भनेर लेखेका पाइनाले यसकुरामा पुष्टि मिलेको छ। (विपिनदेव ढुङ्गेल द्वारा संकलित अप्रकाशित सामग्री)।

माथि नेपालका लागि भूटानी प्रतिनिधिमै कामगर्ने लामाहरू यहाँ रहन्थे भन्ने विषयमा चर्चा गरियो। स्वयंभूमा पूजारी भै कामगर्ने डुग-प लामालाई यो अधिकार दिने परम्परा थियो भनेर पनि चर्चा गरियो। भूटानी विर्त्ताहरू खोसिएर १८६१ मा पुनः कायम भएदेखि स्वयम्भूका पूजारी र भूटानी धार्मिक प्रतिनिधिमै काम गर्ने डुग-प लामाहरूका विषयमा पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। ई. १८६१ मा भूटानी गुठी, जग्गा-जमिन तथा अधिकार पुनः फिर्ता भएपछि प्रथम भूटानी प्रतिनिधि लामा भएर लामा क्याम-गुम आएका थिए। क्याम गुमले निर्वाण प्राप्त गरेपछि दोर्जे फुन्-छोग् लामा आए। उनको निर्वाण पछि मे ग्याल्-वो लामा आए। मे ग्याल्-वोले संपत्ति लिई भागेकोले पछि योन्-तन् ग्या-छो (ई. १८८६ मा नियुक्तमै आएका) नियुक्त भए। ई. १९०७ मा योन्-तन्-छोको निर्वाण पछि नेपालकै चिनीया लामा वुद्ध वज्रलाई प्रतिनिधिको काम गर्ने अधिकार भूटानबाट

दिइयो। ई. १९०९ मा लामा वुद्ध वज्रको निर्वाण पछि उनकै छोरा रत्नवज्र लामाले भूटानबाट त्यो अधिकार पाए। रत्न वज्रको निर्वाण पछि उनकै भाइ पुण्यवज्रले त्यो अधिकार पाए। यिनका पालामा स्वयम्भू गुठीको सम्पत्ति तथा रकम हिनामिना भएको आरोप लागेकोले मुद्दा चल्यो। पछि भूटानबाट खटिएका सोकु लामा र यी पुण्यवज्र लामा दुवैजनाले संयुक्त रूपमा कामगर्ने अधिकार पाए। यसपछि भीम शमशेरको प्रधान मंत्रीत्वकालदेखि वर्तमान हु-क्यो छे-चु लामाबाट यो काम हुँदै आएको छ। (कु-श्यो-छे-चु नेपाली नागरीक हुनुको साथै नेपाल राजसभाको सम्माननीय सदस्य समेत हुनुहुन्छ। योल्मो (हेलम्वु) गोन्पाको औतारी हुगु-प-लामाको रूपमा उहाँलाई चिनिन्छ)। भूटानबाट आएका नेपालका लागि धार्मिक प्रतिनिधि र स्वयंभूको मुख्य पुजारी भै काम गर्ने लामालाई भूटानी पद्वी 'ने-जिन्' भन्ने दिइन्थ्यो।

भूटान-नेपाल सम्बन्धका सम्बन्धमा चर्चा गर्दा भूटानमा नेपाली मुद्राको चलन-चल्तीको प्रसङ्गलाई र नेपाली कलाकारद्वारा निर्मित नेपाली शैलीको भूटानी शासक (धर्मा-देवा) का मोहरलाई पनि विर्सन सकिंदैन। ई. १७८८ देखि १८९२ सम्म सिक्किममा नेपाली मुद्रा चलन-चल्तीमा भएजस्तै भूटानमा पनि चलन-चल्तीमा भएको जानकारी पाइएकोछ। (Walsh 1973: 25 र जोशी वि.सं. २०४२:६६)। त्यस्तैगरी दायाँ-वायाँ चन्द्र सूर्य र विचमा देवनागरी लिपीमा धमदिवा महाराज भन्ने अक्षरयुक्त मोहर अघि अघि भूटानी शासकहरूले चलाउँथे र यस्ता मोहर नेपाली कलाकारले नै बनाएका हुन् भन्ने पनि भनाइ छ (विपिनदेव ढुङ्गेलद्वारा संकलित अप्रकाशित सामग्री)। सिक्किममा त नेपाली लाल मोहरिया टक्सारी प्रधानहरू नै नेपाली मुद्रा टकमरी गरी चलाउन नियुक्त हुन्थे भन्ने जानकारी पाइएको छ (जोशी २०४२:६६)।

यस्तै किसिमले नेपाल-भूटान मैत्री सम्बन्धका सम्बन्धमा चर्चा गर्दा ऐतिहासिक सञ्चार सम्बन्धलाई पनि भुल्नु हुँदैन। अघि नेपालमा भीमसेन थापाको मुख्त्यारीका समय देखि नै काठमाडौं देखि भूटान पुनाखा सम्म हुलाक चलाउने व्यवस्था भएको थियो। जङ्गवहादुर र वीर शमशेरको प्रधानमंत्रीत्व कालमा यस हुलाक व्यवस्थामा अझ सुधार भएको थियो। वीर शमशेरका पालादेखि सिक्किमका महाराजाको आग्रह अनुरूप नेपाल-भूटान वीचमा चल्ने हुलाक सञ्चार सिक्किमको राजधानी गाङ्-दोग (गान्तोक) समेत हुँदै चल्न थाल्यो। काठमाडौंबाट इलाम हुँदै यो हुलाक सम्पर्क चल्दथ्यो। यो जानकारी स्व. विपिनदेव ढुङ्गेलको हिमालचूली पत्रिकामा प्रकाशित सन्दर्भ स्रोत नखुलेको लेखको माध्यमबाट पाइएको हो त्यसैले एकिन गर्न अझै खोजी हुनु पर्दछ।

यस्तै गरेर नेपाल-भूटान वीच दूत-प्रतिनिधि विनिमयको पनि परम्परा केहीसमय चलेको जानकारी पनि पाइएको छ। नेपालका लागि भूटानी प्रतिनिधिको काम स्वयंभूका मुख्य पुजारी भै भूटानबाट आएका तथा अधिकार पाएका हुगु-प लामाहरूले गर्ने गर्दथे भन्नेकुरा माथि उल्लेख गरियो। यस्तै गरेर नेपालबाट पनि समय-समयमा वकिल खटिएर भूटान गएका उदाहरण पाईएका छन्। जस्तै भीमसेन थापाको मुख्त्यारीकालमा भूटानका लागि नेपाली वकिल अहिमान आले थिए। त्यस्तै गरेर वीर शमशेरको प्रधानमंत्रीत्वकालमा कान्छा कर्णेल केशरसिंह थापा भूटानका लागि खटाइएका थिए। (विपिनदेव ढुङ्गेलद्वारा संकलित सामग्री)। यसवाहेक निनिराम सिंह भन्ने व्यक्ति जङ्गवहादुरको प्रधानमंत्रीत्वकालमा भूटानका निमित्त नेपाली प्रतिनिधिको रूपमा खटाइएका र ८।९ वर्षसम्म भूटानमा रहेको उल्लेख ई.सं. १८७२ को भूटानबाट आएको तिब्वती लिपि र जोङ्-खा

भाषामा लेखिएको एक अधिकारीक पत्रमा परेको छ। (पत्रको फोटोकपि प्रति लेखकको संग्रहमा छ।)। यसैगरी दुवैतर्फका प्रतिनिधि (वकिल)को साथमा दोभाषेपनि नियुक्त भएका हुन्थे। विभिन्न पत्रहरूमा स्थायी प्रतिनिधिजस्तै गरेर दोभाषेहरूपनि खटिएको उल्लेख वेला-वेलामा पाइएको छ। जस्तो माथि उल्लिखित ई. १८७२ को पत्रमा र ई. १८८९ को मोहरमा दोभाषेको स्पष्टै चर्चा छ (पत्र लेखकको संग्रहमा छ)। एकजना उर्ग्येन खापा (दोभाषे)ले त स्वयंभू किमडोलमा स्वीकृति लिएर घरनै निर्माण गरेको थियो।

भूटान-नेपाल मैत्री सम्वन्धका विभिन्न उदाहरण मध्ये एउटा उदाहरण भूटानको सीमावर्ती जङ्गलबाट नेपालका शासकहरूले हात्ती समातेर ल्याउन पाउने व्यवस्था हुनु पनि एक हो। ई.सं. १८७२ को माथि उल्लिखित पत्रमा भूटानमा रहने नेपाली प्रतिनिधि मार्फत भूटानका सीमावर्ती क्षेत्रबाट हात्ति समातेर ल्याउने स्वीकृति मिलोस् भनि नेपालबाट माग भएको र भूटानी शासकले पनि अरूले समाउनु भन्दा नेपाली मित्रले समाएमा हामी मञ्जुर र खुशी छौं भनी स्वीकृति दिएको उल्लेख छ।

यस किसिमले नेपाल भूटान वीचको ३२०।२५ वर्ष सम्मको लामो मैत्री सम्बन्धको इतिहास हाम्रो सामु छ। भूटान राज्यको निर्माण, त्यहाँको सर्वपक्षीय विकास, राजनीतिक तथा प्रशासनिक व्यवस्था आदि सवैमा नेपाल र नेपालीको महत्वपूर्ण भूमिका रहेको देखिन्छ। चाहे भूटानले वाहृय शक्तिसँग जुध्नु पर्दा होस् अथवा आन्तरिक व्यवस्था मिलाउनु पर्दा होस् भूटानलाई नेपाली सहयोग र समर्थन अनिवार्य जस्तै हुन्थ्यो। नेपालमा पनि भूटानी धर्मराजा, देपा राजा तथा अन्य प्रशिद्ध तान्त्रिक लामाहरूले महत्वपूर्ण सहयोगको भूमिका निभाएका हुनाले नै नेपालबाट गोन्पाहरूको अधिकारका साथ धेरै-धेरै जग्गा-जमिन समेत दान दिईएको थियो। यसरी दुवैपक्षबाट आ-आफ्नो क्षमता अनुरूप सहयोगको आदान-प्रदान भएको हुनाले नै दुई देश वीच अत्यन्त सौहार्द्र सम्बन्ध अघिदेखि नै रहि आएको देखिन्छ।

टिप्पणीहरू

१. ङग्-वाङ् नम्-ग्यालले ई. १६१६ म भूटान आएर ई. १६२०।२२ सम्ममा एकीकरण पुरा गरि सकेका थिए।

२. यी लामा दम्-छयो-पे-कार (Dam-chos-pad-dkar) भूटानका चौथा प्रमुख लामा (जे-रिन्-पो-छे खेन्-पो) को जन्म ई.स. १६३६ मा र निर्वाण ई. १७०८ मा भएको अनुमान केही भूटानी स्रोतमा गरिएको छ (Mehra 1974:58)। गोरखाका राजा रामशाहको अन्तिम मिति अन्दाजी ई. १६३६ नै भएकोले रामशाहको शासनकालमा यी लामा गोरखा आएको कुरामा केही शंका उत्पन्न भएको छ। तर पनि ई. १६६७ मा यी लामाले जे-रिन्-छेको पद सम्हाल्नु अघि नेपाल भ्रमण गरेको र नेपालका शासकको सहयोगमा धँरै डुग्-प गोन्पाको स्थापना गराएको कुराको उल्लेख भने भूटानी स्रोतमा पाइन्छ।

३. यो पत्रको १ प्रति उतार स्व. श्री विपिनदेव ढुङ्गेलज्यूको सौजन्यबाट यस पङ्क्तिका लेखकलाई प्राप्त भएको हो।

४. यी विशन थापा मगरले भूटानको शासन व्यवस्थामा धर्मराजा ङग्-वङ् नम्-ग्याललाई गरेको

सहयोगबाट खुशी भई धर्मराजाले उनलाई 'राजा' भन्ने उपाधि सहित केही प्रशासनिक तथा रक्षा सम्बन्धि अधिकार समेत दिएका थिए भन्ने चर्चा पाइन्छ। यी विशन थापाका सन्ततिहरू (वुधिन थापा, काशिनाथ थापा, मनसु थापा र सेनु थापा आदिका सन्तान) भूटान आसाम, पश्चिम बङ्गाल र सिक्किमतर्फ अझै भएको जानकारी पनि पाइएको छ। पूर्वी भूटानको तराई (हाल आसाम कामरूप अन्तर्गत) तिर मगरलाई अझै राजा भन्ने परम्परा भएको र ती मगरहरूलाई विशन थापाका सन्तति भनेर मान्ने परम्परा पनि प्रचलित छ।

५. तिब्बतमा धर्मलामालाई 'छयो लामा' (उच्चारणमा) छोस् वूलम (लेखाईमा) भन्ने र लेख्ने चलन छ। त्यसैलाई नेपालीहरूले सुन्नमा 'क्षोइ्' सुनेर 'क्षोइ्लामा' भनेको हुनु पर्दछ। ल्हो-प लामा भनेको चाहिं ल्हो प्रदेशका लामा भनेको हो। ल्हो प्रदेश भन्ने भूटानको पुरानु तिब्बती नाम हो। कुनै कुनै स्रोतमा 'ल्हो-मोन्' भनेर उल्लेख भएको पनि पाइन्छ। 'ल्हो' र 'मोन्' दुवैको दक्षिण अर्थात् औल प्रदेश भन्ने अर्थ हुन्छ। अर्को संभावना नरभूपाल शाहका समकालिक भूटानका लामा छो-ढग्-कोन्-छोग् भने थिए। तिनको नामलाई अपभ्रंश गरी 'छयोइ्' भनेको पनि हुन सक्दछ।

६. कान्तिपुरका राजा लक्ष्मी नरसिंह मल्लको शासनकालमा डुग्-प लामा, श्या मर-प लामा आदि क-र्ग्यू-प सम्प्रदायका लामाहरूको नेपालसँग विशेष सम्वन्ध भएको र ती लामाहरू काठमाडौं आएको तथ्य नेपाली स्रोतमा पनि उल्लिखित भएको पाइएकोले यस कुरामा थप पुष्टि मिलेको छ।

७. गोपालराज वंशावलीको पत्र संख्या २१ 'ख' छैटौं शताव्दीमा भूटानले नेपाल माथि आक्रमण गरेको र गोपाल वंशावलीकै केसर पुस्तकालयमा प्राप्त प्रतिमा नवौं शताव्दीको अन्त्यताका अर्थात् राजा शंकरदेवको शासनकालमा पुनः नेपालको राज्य विस्तार भूटानसम्म पुगेको उल्लेख छ (Vajracharya & Malla 1985:77, 215)। हुनत 'भोटान्त' भन्ने उल्लेखले भोटलाई संकेत गरेको होकि भन्ने तर्क पनि नचलेको होइन। तिनताका भूटान एउटा राज्यको रूपमा नदेखिएपनि भोटको दक्षिणका सीमान्त प्रदेशको रूपमा भने पक्कै थियो। भोटलाई 'भोट्ट' वा नेवारीमा 'सँ देश' भनिने हुनाले 'भोटान्त' प्रदेशले भूटानलाई नै संकेत गरेको जस्तो लाग्दछ। भोट भन्नलाई भोटको सिमान्त वा अन्त प्रदेश भन्नुपर्ने कुनै आवश्यकता नै थिएन। गोपाल वंशावलीमै भोटका राजाले आक्रमण गरेको र भोटान्त अर्थात् भूटानले आक्रमण गरेको वेग्लावेग्लै उल्लेख छ (Vajracharya & Malla 1985: 77, 79)। अर्को महत्वपूर्ण कुरा नेपालका किरात जस्तै 'मुन्धुम' मान्ने किराती चोइ्हरू भूटानमा पहिलेदेखि नै वसोवास गर्दै थिए र आठौं शताव्दीदेखि तिब्बत तर्फबाट बौद्धमार्गीहरूको प्रवेश हुँदा भोटे (तिब्बती) र यी चोइ्हरू बीच युद्धसमेत भएको थियो। त्यसपछि पनि यिनका केही जनपदहरू भूटान र नेपाल वीचका पहाडी इलाकामा भएको जानकारी पाइएको छ (दहाल १९८४:१२-१३)। लिच्छवि विरोधी मिरातजातिको सहयोगमा भूटानी चोङहरूले आफ्नो जातीय भावनाले गर्दा सहयोग पुऱ्याउन नेपालमाथि चढाइगरेको पनि हुन सक्दछ। यसै घट्नालाई भूटानको आक्रमण भनेर गोपाल वंशावलीमा लेखिएको हो कि?

८. पूर्वका ६ गोन्पाहरू रामशाहकै पालामा दानपाएको भन्ने प्र.मं. जङ्गवहादुरका पालामा आएका भूटानी लामाका पत्रमा उल्लेख भएतापनि यी पूर्वका ६ वटैगोन्पा रामशाहले दान

दिने अवस्था नभएकोले उक्त गोन्पा मध्ये कतिपय पछि पृथ्वीनारायण शाहले भूटानी लामालाई थप दान दिएको हुनुपर्दछ जस्तो लाग्दछ।

९. साल सम्वत् नभएको (संभवतः ई. १८६०र६१ ताकाको) भूटानबाट आएको विन्तिपत्रको प्रतिलिपि हाल यस लेखको लेखकको संग्रहमा छ। उक्त पत्र बिपिनदेव ढुङ्गेल मार्फत प्राप्त भएको हो। यस्तै पत्र कु-श्योग-छे-चु लामासंग पनि छ।

१०. पत्र स्रोत सम्माननीय कु-श्योग्-छे-चु ड्रुग्-प लामा। पत्रको फोटो कपि हाल यस लेखका लेखकसँग पनि छ।

११. लालमोहर नेपालको परराष्ट्र मन्त्रालयका पुराना चिठ्ठीपत्रको संग्रह (जैशीकोठा) को पोका संख्या ३३ र क्र.सं. ३३४३ मा भएको। यसको प्रतिलिपि पनि एकप्रति यस लेखकको संग्रहमा छ।

सन्दर्भ सामग्री

sब्रुग-नs-ग-थली ऽी -र्चीस्-स्प्रोद्-क्यी-देब्-ख्र ['Brug-Na'-ga-thali'i-rcis-sprod-kyi-deb-khra- उच्चारणमा ड्रुग-नागथली-ची-टोए-क्यी-देवठा] तिव्वती भाषामा लेखिएको नागथली गोन्पा स्थित ड्रुग्-प गोन्-पको हस्तलिखित अप्रकाशित विवरण पत्र, ड्रुग्-प लामा कु-श्योग् छे-चुको सौजन्यबाट प्राप्त।

जोशी, सत्य मोहन, वि.सं. २०४२ नेपाली राष्ट्रिय मुद्रा (दोश्रो संस्करण) काठमाडौं: साझा प्रकाशन)

ढुङ्गेल, रमेश, ई. १९८६। "नेपाल र भूटान सम्बन्धलाई प्रकाश पार्ने थप सामग्री" *आर्थिक नेपाल* ४:१-३, पृ. ९-१३।

——, ई. १९८८। "दशौं श्या-मर्-प लामाको स्वयम्भू स्थित अभिलेख र त्यसको अनुवाद" *आर्थिक नेपाल* ६:१-२ पृ. १-१०।

दहाल, धरणीधर, वि.सं. २०४१ *सिक्किमको राजनैतिक इतिहास* गान्तोकः सुब्बा प्रकाशन।

पन्त, दिनेश राज, वि.सं. २०४१, २०४३, २०४५। *गोरखाको ईतिहास* भाग १, २, ३। काठमाडौं: दिनेश राज पन्त।

पन्त, नयराज र अरू, वि.सं. २०२८ (संपा) *पृथ्वीनारायण शाहको उपदेश।* ललितपुरः जगदम्बा प्रकाशन।

प्रताप मल्लको तीर्थ यात्रा. भक्तपुरकला संग्रहालयमा सुरक्षित नेवारी भाषाको एक अप्रकाशित हस्तलिखित पुस्तिका।

योगी, नरहरिनाथ, वि.सं. २००९ (संपा) *गोरखा वंशावली.* काशीः योग प्रचारिणी।

शाक्य, हेमराज, ने.सं. १०९८. *स्वयम्भू महाचैत्य* (नेवारी भाषाको) काठमाडौं: स्वयम्भू विकास मण्डल।

अंग्रेजी भाषाका:

Aris, Michael, 1980. *Bhutan: The Early History of A Himalayan Kingdom.* Delhi: Vikash Publishing House.

Coelho, V.H., 1971. *Sikkim & Bhutan*, Reprint, New Delhi: Vikash Publications.

Francke, A.H., 1972. *Antiquities of Indian Tibet* Vol II. Reprint, New Delhi: S. Chand & Company (Pvt.) Ltd.

Hasarat, Vikramjit 1980. *History of Bhutan.* Thimpu: Department of Education Bhutan.

Lob-pon, Nado, 1977. "Brug-dang-'Brug-pa mdor- bsdus" *Kailash* 5:2, PP. 89-100.

Macdonald. A.W., 1973. "A copper plate from the time of Prithvi Narayan's Father" *Kailash* 1:1 PP. 6–7.

Mehra, G.N., 1974. *Bhutan : Land of the Peaceful Dragon* Delhi: Vikash Publihing House Pvt. Ltd.

rNam-mthar (Biography) of bstan-'jin-rab-rgyas.

Rahul, Ram, 1983. *Royal Bhutan.* New Delhi: ABC Publishing. House.

Singh, Nagendra, 1972. *Bhutan: A kingdom in the Himalaya.* New Delhi: Thomson Press (India) Ltd.

Vajracharya. Dhanvajra & Kamal P. Malla 1985. The *Gopalrajvamsavali.* Frang Steiner Vevlag nisebaden Gomb H.

Walsh, E.H. 1973. *The Coinage of Nepal.* Delhi: Indological Book house.

White, J.C. 1971. *Sikkim & Bhutan.* Reprint, Delhi: Vivek Publishing House.

CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 16, No. 2
July 1989

BOOK REVIEW

Useful Plants of Manang District: A Contribution to the Ethnobotany of the Nepali–Himalaya. 1990. Perdita Pohle. VI + 65 pages. Franze Steiner Verlag Weisbaden Gmbh,Stuttgart. Price: Not mentioned.

The book entitled *Useful Plants of Manang District: A Contribution to the Ethnobotany of the Nepal–Himalaya* by Perdita Pohle, one of the series of Nepal Research Centre Publications edited by A.. Wezler, is an attempt to summarise the present ethnobotanical knowledge of the people of Manang District. Pohle's attempt is admirable because she has studied the people having closest ethnic, cultural, physical and linguistic affinities with the Tibetans.

The chapter on introduction, aims and methods highlights the general importance and significance of ethnobotanical studies. The objective of the study, in the author's own words are "to document the range of the local population's knowledge of native wild plants and the possibility of their exploitation (p. 2). Information on various uses of wild flora were based on interviews with traditional healers having Tibetan influence ("amjis"), priests ("Lamas"), Gurung shamans and villagers. Chapter 2 introduces the general features of the district, divided into three distinct ecological regions – Gyasumdo, Nyeshang and Nar. These are inhabited by four different and distinct ethnic groups: the Gurungs, Gyasumdopas, Manangies and Narpas. Their language and their economic activities, mostly a combination of the variable proportions of agriculture, animal husbandry, and trade, have been described. Chapter 3 deals with the orthography and folk etymology of plant names. Chapters 4, 5 and 6 form the body of the text and deal with the useful wild plants of ecologically as well as culturally distinct regions. For each region, the use of wild plants has been sub-divided according to type of use like medicinal, food and narcotic, ritual, and plants having other uses (such as fodder, fibre, fuel-wood, insect repellent, dye, tinder and building material). In

Chapter 7 the author summarises the uses of wild plants in the district according to region and category. The author remarks that although the local inhabitants have, since generations, developed a close relationship with their surrounding flora, many familiar folk uses of plants like preparation of paper, dye, and household objects to mention a few, have increasingly lost their credit on account of the advancing tide of acculturation and marginally on account of rise in their economic status. Chapter 8 includes a bibliography. Eight high contrast black and white plates add to readability of the book.

Perdita Pohle's present contribution appears to be a glimpse of Manang District and probably more successful as an anthropological contribution than as ethnobotanical. It would make a good reading for those who are seeking exposures to the lifestyle and practices of the Himalayan people. However, there are innumerable shortcomings when judged botanically, more particularly ethnobotanically. I am, therefore, inclined to be extremely critical of this labourously documented and handsomely bound monograph.

Inconsistency begins when the reviewer counts only 135 entities of plants identified to species level in the author's list of 192 entities. Twenty-five entities have been identified to genera, five to family, sixteen to vernacular names alone and surprisingly, no trouble has been taken to identify seven specimens of fungi and four specimens of lichens. Let the reader beware that the National Herbarium of Nepal is in capacity to identify high altitude flora of Nepal, however, the author does not give any reason why only 135 of the 192 listed plants were identified at the National Herbarium of Nepal.

The value of the data from any field work lies with the material, with which the data are tied, and which are deposited in a recognised institution, for posteriority and future reference. As there are several unidentified angiosperms, fungi and lichens, and also there are no voucher herbarium specimens, Pohle's information dealing with those unidentified plants and their usages are in doubt. At the same time, identification of plants is not a gambler's guess. Pohle's claims to identify plant without seeing it and determining morphology based on informant's memory are "sure shot" glitches. For example, Pohle identified "lugtsidobo" as *Saussurea* sp. (p. 36) without even seeing a specimen.

The author lists the identified plants by the recent Latin binomial except for few instances like *Anaphalis Cuneifolia* (DC.) Hook. f.,

Artemisia vulgaris Linn., *Cynanchum vincetoxicum* (L.) Pers., *Gentiana stylophera* C.B. Clarke, *Nardostachys jatamansi* DC., and *Polygonum macrophyllum* D. Don. To include *Dicranostigma lactucoides* Hook. f. & Thoms. under the family Nymphaeaceae, however, cannot be taken as mere typographic error.

Although ethnobotanical study involves plant-uses in general, medicinal use is important. No ethnomedical study is complete without detailed recording of dosage and administration. It is urgent, therefore, to pay due attention on how the plant or plant product is utilized, what is the dosage form, and the route of administration. Surprisingly, the author does not bother about getting such eminent ethnomedical enquiries in majority of the cases, leaving readers to the wild guess. In continuation, the following are a few of the numerous evidences of absolutely incomplete information provided by the author: "Gyamsal" has been introduced as an Indian medicine with no further detail (p. 14). *Cuscuta santapaui* Banerji & Das has been said to be used against ulcers when used in combination with approximately 10 other medicinal plants (p. 15). The root of *Flemingea procumbens* Roxb. has been said to find its use as a panacea when mixed with other herbs (p. 16). The aerial parts of *Halenia elliptica* D. Don, when mixed with other medicinal herbs is said to make an esteemed panacea (p. 17). The aerial parts of *Gentiana stylophera* C.B. Clarke are components of a panacea (p. 24). The fruits of *Anemone rivularis* Buch.-Ham. ex DC. have curative properties (p. 24). Plants like *Anemone vitifolia* Buch.-Ham. ex DC. (p. 24), *Aster* sp. (P. 24) and *Swertia ciliata* (D. Don ex G. Don) B.L. Burtt (p. 35) have been said to be used medicine but every further indication has been avoided. If a person mixes Yertsagumbu with 13 other herbs and takes the mixture over a period of 3 years, he will become as thick as an elephant, quick as a horse and pretty as a peacock (p. 37). A decoction effective in treating tuberculosis is made from the root of *Clematis montana* Buch.-Ham. in combination with other herbs (p. 38). At the same time, all uses reported in this book are the results of the author's interviews. Therefore, all statements on medicinal use are not pharmacological and clinically affirmative. Thus, it has to be stated "as claimed" or "alleged used for", and the likes.

More does not necessarily mean better. A significant number of the 50 references bear no relevance to the ethnobotany of Manang District. A review of scientific information available on botanical, chemical, pharmacological and clinical aspects on at least some of the medicinal plants listed which are well known (notably *Acorus calamus* L., *Artemisia dubia* Wall. Ex Besser, *Berberis aristata* DC., *Bergenia ciliata* (Haw.). Sternb.,

Cannabis sativa L., *Dactylorhiza hatagirea* (D.Don) Soo, *Nardostachys grandiflora* DC., *Paris polyphylla* Smith, *Picrorhiza scrophulariiflora* Pennell, *Plantago major* L., *Prinsepia uitlis* Royle, *Rheum australe* D.Don, *Rumex nepalensis* Spreng., *Selinum tenuifolium* Wall. ex C.B. Clarke, *Thymus serpyllum* L., *Valeriana jatamansi* Jones, and *Zanthoxylum armatum* D C to mention a few) would have also served as a more useful exercise. On the other hand, it would have been more meaningful for the author to have compared the medicinal properties and therapeutic claims of plants in Manang District with those of other regions and emphasize significant information, if any, specific to the study area.

Although the author does not make any claim to completeness (p. 43), she does not recommend the important role of basic research on present findings. Certainly there is need for all levels and kinds of research from purely scientific to economic. Therefore, it is my personal view that while Pohle's information may be useful in documenting the ethnic practices, data presented in this book do not particularly add comprehensively to our scientific knowledge.

Finally, I do not wish to suggest that everything in this monograph is irrelevant or wrong. The unevenness of the work in this monograph means simply that it must be read carefully and selectively, with constant vigilance to spot the author's frequent tendency to provide incomplete and rather confusing information, if it is to be used as a manual.

– Nirmal Kumar Bhattarai

CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 16, No. 2
July 1989

BOOK REVIEW

Shrestha, B.P. 1990. *Nepalese Economy in Retrospect and Prospect.* Kathmandu: Himalayan Booksellers. 138 pages. Price: Not mentioned.

In an attempt to identify various policy choices and national and international resources potentially contributive to economic development in Nepal, the author has followed a blandly descriptive approach. The book totally ignores the experiences of the least developed but land-locked nations whose problems uniquely represent the basic constraints Nepal faces. Divided into four chapters, the book is repetitive. It is also biased towards the maintenance of the top-down schemes of property entitlement, resource occupation and economic management which have plagued the national economy of Nepal for the last 30 years.

Th first chapter of the book surfacially reviews the Nepali economic history of development. The second chapter covers the basic development challenges Nepal faces. Chapter 3 links the Nepali economic scene to a model very similar to that of Arthur Lewis, i.e. economic development within a setting of unlimited supply of labour. In Chapter 4 under the heading of *"Economic System and Management."* there is much conceptual confusion over the notion a cooperative sector.

Inspite of useful overviews on problems of population, growth and development, the author states the obvious when he notes that "the structure of economy remained virtually intact during the past three decades" (p. 9). The solution,then, must lie not merely in economistic tinkering but in a structural shift from an autocratic to democratic polity and economy. Shrestha is correct when he says, "If expansion of overseas trade in the name of trade diversification and export expansion also becomes more lucrative than locking up money in uncertain home industries, ... a substantial part of such trade becomes oriented to cater to the needs of the newly emerging

affluent class in urban areas" (p. 38).

Other critical issues that are broadly discussed in this book cover basic needs, resource mobilization, employment, population, environment and public enterprises. Shrestha, however, is unwarrentedly narrow in dealing with these issues. Illustratively, unless there is an equality of opportunity in general equal access to basic social goods in particular, the objective of the fulfillment of basic needs cannot be attained. Resource mobilization, as also the fulfillment of basic needs necessitates reliance to be placed on direct taxes, as such taxes are directly tied with levels of income and wealth. These properties are rarely found in indirect taxes whose incidence largely rests on the poor.

Public enterprises, in Shrestha's view, "have been draining away more resources from the public treasury than they have been contributing to it" (p. 114). He concludes from this, "the government seems to be inclined to weed out some dead logs and transfer wholly or partially some of the public enterprises to the private sector. It is the right step in right direction and should, thus, be pursued earnestly as far and as fast as practicable" (p. 115). What Shrestha forgets in this connection is that public enterprises are not erected for reaping direct monetary gains. Such enterprises must not be evaluated only in terms of the balance in the profit-and-loss account. Instead, one must keep in mind that these enterprises have definite objectives of supplying goods and services for public benefit at subsidised prices and of providing employment opportunities.These help realize the goals of the basic needs plan. One needs to pursue a balance in the trade off between efficiency and equity while promoting public enterprises.

One important but missing explanation in this book is related to monetary and financial forces with their forward and backward linkages. These forces have a lot to do with resource mobilization and development by creating demand and supply influences on production exchange and distribution. A Basic Needs Approach to a plan must stick to the principle that growth with equity requires a neutral increase in money supply.

In a nutshell, the book will be of interest only for those who prefer a descriptive and quasi-historical approach to the economy of Nepal.

– Gunanidhi Sharma